आर्थिक वर्ष २०७४/७५

को

# मन्त्रालयगत प्रगति विवरण

प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नम्बर ५, बुटबल, रुपन्देही

२०७५

## विषय-सूची


| क्र.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | १-६ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७-१२ |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १३-२० |
| ४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २१-२७ |
| ५ | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | २८-३६ |
| ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३७-४५ |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४६-५४ |
| ८ | सामाजिक विकास मन्त्रालय | ५५-६७ |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ६८-७१ |

## प्राक्कथन

१. नेपालको संविधानको धारा २०७ को उपधारा (२) मा प्रत्येक आर्थिक वर्षको वार्षिक अनुमान प्रदेश सभा समक्ष पेश गर्दा अघिल्लो आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको रकम र त्यस्तो खर्च अनुसारको लक्ष्य हासिल भयो वा भएन त्यसको विवरण पनि साथै पेश गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक सामाजिक विकासका लागि राज्यले गरेको लगानी, स्वीकृत क्रियाकलाप र ती निकायहरुको वित्तीय खर्चको वास्तविकता प्रदेश सभा मार्फत नागरिकहरु समक्ष प्रस्तुत गर्ने संवैधानिक व्यवस्था अनुरुप सम्बन्धित मन्त्रालय/निकायहरुले तयार गरेको विवरण एकिकृत गरी प्रस्तुत गरिएको छ ।

२. यस विवरणले सार्वजनिक निकायहरुको कार्य सम्पादनलाई थप पारदर्शी र उत्तरदायी बनाउन महत्वपूर्ण योगदान पु-याउने कुरामा म विश्वस्त छु । प्रस्तुत विवरणमा सबै मन्त्रालयहरुको संक्षिप्त परिचय, दूरदृष्टी, उद्देश्य, रणनीति, कार्यक्षेत्र, विद्यमान नीतिगत तथा कानूनी व्यवस्था, संगठनात्मक संरचना, चालु आर्थिक वर्ष २०७४/७५ को जेष्ठ १५ गते सम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु र बजेट बक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको प्रगति संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

३. प्रदेश सरकार यसै आर्थिक वर्षको फागुन महिनामा गठन भएको हो । सरकार गठन भएपछि सरकार सञ्चालनका लागि आवश्यक कानुनी संरचनाको व्यवस्था क्रमश: हुँदै आएको छ । नेपाल सरकारबाट समानीकरण अनुदान स्वरुप प्राप्त रकमलाई स्रोतको रुपमा लिइ चालु आर्थिक वर्ष २०७४/७५ को राजस्व र व्ययको अनुमान २०७४ चैत्र ३० गते प्रदेश सभामा प्रस्तुत भएको र प्रदेश सभाले २०७५ बैशाख ०२ गते पारित गरिसकेको छ । संवैधानिक व्यवस्था अनुसार प्रदेश सरकारलाई प्राप्त अधिकार एवं जिम्मेवारीलाई पूर्णरुपमा कार्यान्वयनमा लैजान सबै सचिवालय मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संशोधित दरवन्दी विवरण नेपाल सरकारबाट प्राप्त हुन आएको छ । नेपाल सरकार र स्थानीय सरकारसँग राजस्व परिचालन एवं आर्थिक, सामाजिक र प्राविधिक विकासमा सहकार्य, समन्वय र साझेदारीको सन्तुलन हुने गरी नीति, कानून, संरचना, कार्यसंस्कारको अभ्यास थालनी गरिएको छ ।

४. अन्त्यमा चालु आ.व.मा विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानून, संरचना र जनशक्तिको अप्रयाप्ततामा अपेक्षित उपलब्धी हासिल गर्न नसकिएता पनि प्रस्तुत प्रगति विवरणबाट मन्त्रालयको भौतिक तथा वित्तीय गतिविधि, सम्पादित महत्वपूर्ण कार्यहरु र मन्त्रालयगत सार्वजनिक स्रोत परिचालनको बारेमा प्रदेश सभालाई यथार्थ स्थिति जानकारी हुने विश्वास लिएको छु। प्रस्तुत प्रतिवेदन प्रदेश सरकारका सार्वजनिक निकायहरुको गतिविधिमा जिज्ञासु सरोकारवाला सबैलाई उपयोगी हुने देख्दछु । प्रतिवेदन तयार गर्नका लागि आवश्यक विवरण उपलब्ध गराई सहयोग पुर्याउने सबै मन्त्रालय निकाय र प्रतिवेदनलाई सम्पादन गरी तयार गर्न खटिएका आर्थिक मामिला तथा योजना मन्त्रालयका कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**शंकरप्रसाद पोखेल**
**मुख्यमन्त्री तथा आर्थिक मामिला तथा**
**योजना मन्त्री**

## <u>प्रस्तुत प्रगति विवरणको सम्बन्धमा</u>

१. प्रस्तुत प्रगति विवरणमा विनियोजन ऐनद्वारा सचिवालय मन्त्रालयहरुलाई आर्थिक वर्ष २०७४/७५ मा विनियोजन बजेटबाट प्राप्त भएका उपलब्धीहरुलाई समावेश गरिएको छ ।

२. प्रस्तुत प्रगति विवरणमा उल्लिखित विभिन्न मन्त्रालयहरुको कार्य क्षेत्र प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम उल्लेख गरिएको छ ।

३. प्रस्तुत विवरणमा उल्लेख गरिएका सूचना तथा तथ्याङ्क, प्रगति विवरण लगायतका जानकारीहरु सम्बन्धित मन्त्रालयहरुले उपलब्ध गराएका सूचनाका अतिरिक्त प्रदेश लेखा नियन्त्रक कार्यालयको खर्च व्यवस्थापन सम्बन्धी सूचना प्रणालीमा आधारित रही प्रस्तुत गरिएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५, बुटवल, रुपन्देही
नेपाल

# प्रदेश सभा सचिवालय

१ पृष्ठभूमि

नेपालको मध्य भागमा हिमाल, पहाड र तराइको भूभाग समेटेर बनेको विश्वले शान्तिका अग्रदुतका रुपमा चिनेका भगवान गौतम बुद्ध जन्मेको लुम्बिनी (रुपन्देही), बुद्धले २९ वर्षको उमेर सम्म जीवन व्यतित गरेको तिलौराकोट (कपिलवस्तु), एशियाको सबैभन्दा ठूलो र सुन्दर उपत्यका दाङ्ग, मन नै लोभ्याउने रमणीय पहाडी क्षेत्रहरु पाल्पा, प्युठान, अर्घाखाँची र गुल्मी साथै सिस्ने हिमाललाई शिरमा राखेर गणतन्त्र स्थापनाको लागि मुख्य भूमिका खेलेको रोल्पा र पूर्वी रुकुम, नेपालको अन्न भण्डार भनेर चिनिएका नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, वर्दिया त्यस्तै कर्णाली प्रदेशको मूख्य नाका नेपालगंज (बाँके) र ४ र ५ नं. प्रदेशको मुख्य नाका सुनौली (रुपन्देही) अनि औद्योगिक नगरको रुपमा स्थापना भैसकेको बुटवल र नेपालगंज जस्ता नेपालकै ठूला शहरहरु रहेको अति सुन्दर वनावट भएको सामाजिक, साँस्कृतिक, ऐतिहासिक तथा भौगोलिक हिसावले विविधतायुक्त सानो नेपाल र आर्थिक हिसावले अत्यन्त महत्वपूर्ण सप्तरंगी इन्द्रणी जस्तो लाग्ने पर्यटकीय प्रदेशको रुपमा प्रदेश नं. ५ रहेको छ । यस प्रदेशको दक्षिण तर्फको लामो सिमाना भारतसँग जोडिएको छ भने पूर्वमा प्रदेश नं. ४, पश्चिममा कर्णाली प्रदेश र प्रदेश नं. ७ तथा उत्तरमा प्रदेश नं. ४ र कर्णाली प्रदेश रहेका छन् । साविकका रुकुम र नवलपरासी जिल्ला टुक्राइए पछि बनेको नवलपरासी पश्चिम र पूर्वी रुकुम गरी १२ जिल्ला यस प्रदेशमा समेटिएका छन् ।

यस प्रदेशको समग्र शासन ब्यवस्था संचालनका लागि मुख्यमन्त्रीको नेतृत्वमा ७ वटा मन्त्रालय रहेको प्रदेश मन्त्रिपरिषद रहेको छ भने प्रदेश मन्त्रीपरिषदको बैधानिक तवरले गठन तथा नियन्त्रण गर्न र प्रदेशको कानून निर्माणका लागि नेपालको संविधान, २०७२ को धारा १७६ मा प्रदेश सभाको गठन हुने ब्यवस्था छ । संविधान अनुसार यस प्रदेश नं. ५ मा पहिलो हुनेले जित्ने निर्वाचन प्रणालीवाट र समानुपातिक निर्वाचन प्रणालीवाट गरी जम्मा ८७ जना सदस्य रहेको प्रदेश सभा गठन भएको छ।

संविधानले तोकेका उद्देश्यहरु हासिल गर्नको लागि प्रदेश सभाले विधायकी कार्यहरु गर्दछ । ति कार्यहरु मर्यादित रुपमा ब्यवस्थापन गर्न संबिधानले धारा १८२ मा सभामुख र उपसभामुखको ब्यवस्था गरेको छ । प्रदेश नं. ५ को प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ मा समितिहरु, संसदीय दलहरु, प्रमुख सचेतकहरु, सचेतकहरु जस्ता संरचनाहरु रहने कानूनी ब्यवस्था छ । उल्लिखित संरचनाको प्रभावकारी र मर्यादित रुपमा ब्यवस्थापन गर्नको लागि कर्मचारीहरुको आवश्यकता पर्ने हुनाले प्रदेश सभा सचिवालयको ब्यवस्था गरिएको हो ।

प्रदेश सभावाट ऐनको रीतमा पारित भएको प्रदेश सभा नियमावली, २०७४ को नियम २१६ अनुसार प्रदेश सभा र प्रदेश सभा सचिवालय सञ्चालन तथा ब्यवस्थापनका लागि आवश्यक सवै किसिमका निर्णयहरु गर्ने अधिकार क्षेत्र उल्लेख भएको प्रदेश सभा संचालन तथा ब्यवस्थापन समितिले प्रदेश सभा सचिवालय संचालन सम्बन्धी आवश्यक निर्णयहरु गर्दछ ।

२ सचिवालयको कार्य

- सचिवालयको कार्य प्रदेश सभा संचालनमा माननीय सभामुख, एवं उपसभामुखज्यू लगायत माननीय प्रदेश सभा सदस्यहरुको लागि आवश्यक सहयोग पु-याउने।
- प्रदेश सरकारसँग आवश्यक सम्पर्क र समन्वय गर्ने ।
- कर्मचारी, भौतिक तथा वित्तिय साधन स्रोतको ब्यवस्थापन गर्ने ।
- आवश्यकता अनुसार विभिन्न समितिको बैठकको व्यवस्थापन गर्ने, भ्रमण तथा अनुगमनमा सहयोग पु-याउने साथै प्रतिवेदन तयारी गर्न सहयोग पु-याउने र अभिलेख राख्ने ईत्यादि ।
- संसदीय दलको लागि आवश्यक ब्यवस्थापकीय लगायतका कार्यहरुमा सहयोग पु-याउने ।

उल्लिखित कार्यहरु सभाको मर्यादा कायम रहने गरी गर्नु पर्ने हुँदा कार्यालय समयको अलावा विहान, वेलुकी र विदाको दिनमा समेत खटिएर जिम्मेवारी वहन गर्नु पर्दछ ।


३ प्रदेश सभा सचिवालयको बजेट ब्यवस्था

संवैधानिक निकाय भएकोले प्रदेश सभाको प्रभावकारिता अभिवृद्धि गर्नका लागि प्रदेश सभाको सल्लाहमा प्रदेश सरकारले आवश्यकता अनुसार सर्वसञ्चित कोषवाट बजेट ब्यवस्था गर्दछ । उक्त बजेटवाट सभामुख, उपसभामुख विभिन्न समितिमका सभापतिहरु, विपक्षी दलको नेता, माननीय सदस्यहरु लगायत प्रदेश सभा सचिवालयको लागि तलव भत्ता, सुविधा एवं आवश्यक वस्तु तथा सेवाको लागि खर्च गरिन्छ ।

४ प्रदेश सभाको गठन

| | |
|---|---|
| सभामुख | १ |
| उपसभामुख | १ |
| विपक्षी दलको नेता | १ |
| संसदीय दलका नेताहरु | ७ |
| विषयगत समितिका सभापतिहरु | ४ |
| प्रमुख सचेतकहरु | ७ |
| सचेतकहरु | ७ |
| प्रदेश सभा सदस्यहरु | ८७ |

५ सचिवालयमा कार्यरत कर्मचारीको दरवन्दी विवरण



## ६ प्रदेश सभाबाट भएका महत्वपूर्ण कार्यहरु

| | | | |
|---|---|---|---|
| १ | प्रदेश सभाको प्रथम अधिवेशनको पहिलो बैठक | २०७४/१०/२१ | |
| २ | प्रदेश नम्बर ५ को प्रदेश सभा कार्य सञ्चालन अन्तरिम कार्यविधि, २०७४ पारित | २०७४/१०/२१ | |
| ३ | सभामुखको निर्वाचन (निर्विरोध निर्वाचित ) | २०७४/११/०२ | |
| ४ | कार्यव्यवस्था परामर्श समितिमा रहनु हुने मा. सदस्यहरुको मनोनयन | २०७४/११/०६ | |
| ५ | उपसभामुखको निर्वाचन (बहुमतबाट निर्वाचित) | २०७४/११/०६ | उपस्थिति ८६<br>हुन्छ भन्ने पक्षमा ६६ मत<br>हुन्न भन्ने पक्षमा १९ मत |
| ६ | नियमावली मस्यौदा समिति गठन | २०७४/११/०६ | |
| ७ | मा. मुख्यमन्त्रीले विश्वासको मत लिएको | २०७४/११/२७ | उपस्थिति ८५<br>हुन्छ भन्ने पक्षमा ६६<br>हुन्न भन्ने पक्षमा १८ |
| ८ | प्रदेश नम्बर ५ को प्रदेश सभा नियमावली, २०७४ मस्यौदा माथि छलफलको लागि सदनमा पेश | २०७४/१२/०४ | |
| ९ | प्रदेश नम्बर ५ को प्रदेश सभा नियमावली, २०७४ सर्वसम्मतीले पारित | २०७४/१२/०४ | |
| १० | प्रदेश नम्बर ५ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक सदनमा पेश | २०७४/१२/०४ | |
| ११ | प्रदेश नम्बर ५ प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक पारित | २०७४/१२/०८ | |
| १२ | विभिन्न विषयगत समितिमा रहनु हुने मा. सदस्यहरुको मनोनयन | २०७४/१२/१५ | |
| १३ | प्रदेश नम्बर ५ प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सदनमा पेश | २०७४/१२/१५ | सोही दिन विधायन समितिमा छलफलका लागि पठाइएको । |
| १४ | मा. प्रदेश प्रमुख श्री उमाकान्त झालाई स्वागत तथा उहाँबाट नीति तथा कार्यक्रम प्रस्तुतार्थ सभालाई सम्बोधन | २०७४/१२/२५ | |
| १५ | प्रदेश सरकारको चालु आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम सभाबाट पारित | २०७४/१२/२६ | |
| १६ | प्रदेश सरकारको आर्थिक सामाजिक विकासको स्थितिपत्र प्रदेश सभामा पेश | २०७४/१२/२९ | |
| १७ | प्रदेश सरकारको आर्थिक वर्ष २०७४/०७५ को लागि राजश्व र व्ययको अनुमान प्रदेश सभा पेश | २०७४/१२/३० | |

| | | | |
|---|---|---|---|
| १८ | प्रदेश नम्बर ५ प्रदेश सरकारको आ .व. २०७४/०७५ को सेवा र कार्यहरुको लागि प्रदेश संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक सभामा पेश | २०७५/०१/०२ | |
| १९ | प्रदेश नम्बर ५ प्रदेश सरकारको आ .व. २०७४/०७५ को सेवा र कार्यहरुको लागि प्रदेश संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक सभाबाट पारित | २०७५/०१/०३ | |
| २० | प्रदेश नम्बर ५ प्रदेशका सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभा पेश | २०७५/०१/०४ | |
| २१ | प्रदेश नम्बर ५ अन्तरगत गाउ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश | २०७५/०१/१२ | |
| २२ | सम्माननीय प्रधानमन्त्री श्री खड्क प्रसाद शर्मा ओलीद्वारा प्रदेश सभालाई सम्बोधन | २०७५/०१/१६ | |
| २३ | प्रदेश नम्बर ५ प्रदेशका सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभाबाट पारित | २०७५/०१/२१ | |
| २४ | प्रदेश नम्बर ५ प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश | २०७५/०१/२१ | ०७५/ १/२५ मा विधायन समितिमा पठाइएको |
| २५ | प्रदेश नम्बर ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश | २०७५/०१/२१ | २०७५/१/२५ मा विधायन समितिमा पठाइएको |
| २६ | प्रदेश नम्बर ५ प्रदेश अन्तर्गतका गाउ सभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभाबाट पारित | २०७५/०१/२५ | |
| २७ | प्रदेश नम्बर ५ प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश | २०७५/०१/२५ | |
| २८ | प्रदेश नम्बर ५ विनियोजन विधेयक, २०७५ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति प्रदेश सभा पेश | २०७५/०१/३१ | |

८) आर्थिक वर्ष २०७४/७५ को वजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरुको २०७५ ज्येष्ठ १५ गतेसम्मको प्रगति विवरणः

रु हजारमा

| ब.उ.शि.नं. | प्रदेश सभा सचिवालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ७०५२१२११३ | चालु खर्च | ७७९५९.५० | २१६३.६१ | २७.७५ |
| ७०५२१२११४ | पूजिगत खर्च | १२८०० | २८४०.३३ | २२.१९% |

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १) पृष्ठभूमि

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपालको संविधानले व्यवस्था गरे बमोजिम प्रदेश स्तरीय सार्वजनिक प्रशासनको सर्वोच्च निकायको रुपमा रहेको छ। यस कार्यालयले प्रदेश स्तरिय सार्वजनिक नीति तर्जुमाको संयोजन गरी नीति कार्यान्वयनको अनुगमन सम्वन्धी कार्य गर्दछ ।प्रदेशबाट निर्माण हुने कानुन, विधेयक, अध्यादेश स्वीकृतिको प्रक्रियालाई अगाडि बढाउने नियम तथा आदेश स्वीकृत गरी जारी गराउने कार्य गर्दछ ।

यस कार्यालयले प्रदेश सरकारका मन्त्रालय एवं निकायहरुबाट सम्पादन हुने कार्यहरुको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय तथा अनुगमन मूल्याङ्कनको कार्य गर्दछ ।प्रदेशमा सुशासन प्रवर्द्धन, शासकिय सुधार तथा भ्रष्टाचार नियन्त्रण, मानव अधिकारको संरक्षण र प्रवर्द्धन, प्रदेश स्तरिय प्रशासनिक, आर्थिक, सामाजिक, राजनीतिक, भौतिक पूर्वाधार विकास तथा शान्ति सुव्यवस्थाको गतिविधि बारेमा जानकारी लिने तथा अनुगमन गर्ने कार्यहरु समेत यस कार्यालयबाट सम्पादन हुने गर्दछन ।

## २) कार्यक्षेत्र

प्रदेश नं. ५ प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयबाट सम्पादन हुने कार्यहरू देहायवमोजिम तोकिएका छन्:

- प्रदेश मन्त्रिपरिषद तथा मुख्यमन्त्रीको कार्यालय सम्वन्धी,
- प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन,
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
- प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण,
- प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
- प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्बोधन,
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन,


- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार,
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसंगको सम्पर्क र समन्वय
- संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन,
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,
- अन्तरप्रदेश परिषद र संघ तथा अन्य प्रदेश र स्थानीय तहसंगको समन्वय र अन्तरसम्वन्ध,
- प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवं सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन,
- निर्वाचन कार्यमा सहयोग र समन्वय,
- प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन,
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन,
- प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण,
- प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय,
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन,
- गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा,

**३) कानूनी व्यवस्थाहरुः**

नेपालको संविधान, संघीय मन्त्रिपरिषद्का निर्णयहरु, प्रदेश मन्त्रिपरिषद्का निर्णयहरु, प्रदेश सभाबाट पारीत ऐनहरु तथा गठन आदेशहरु, प्रदेश सभाका निर्णयहरु आदि ।

**४) संगठन संरचनाः**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नेपाल सरकार मन्त्रिपरिषदबाट २०७५।२।६ गते स्वीकृत संगठन संरचना संलग्न छ ।




## ५) आर्थिक वर्ष २०७४/०७५ मा सम्पादन भएका मुख्य मुख्य कार्यहरु

यस कार्यालयबाट सम्पादन गरिएको कार्यप्रगतिको विवरण देहाय बमोजिम रहेको छ ।

१. कार्यालय स्थापना र सञ्चालन गरिएको ।

२. मुख्यमन्त्री तथा माननीय मन्त्रीहरुको निवास व्यवस्थापन गरिएको ।

३. कार्यालयमा कार्यालय सामाग्रीहरुको व्यवस्थापन गरिएको

४. कानून निर्माण तर्फ :

- प्रदेश नं. ५, प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ निर्माण भएको ।
- प्रदेश नं. ५, प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ निर्माण भएको ।
- प्रदेश नं.५ प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणिकरण सम्बन्धी नियमावली, २०७४ निर्माण भएको ।

- प्रदेश प्रमुख / मुख्यमन्त्री/ मन्त्री / राज्यमन्त्री / सहायक मन्त्रीको पदको शपथको ढाँचा तयार भएको ।
- प्रदेश नं.५ प्रदेश अन्तर्गतका सार्वजनिक लाभको पदमा रहने व्यक्तिले गर्नुपर्ने प्रतिबद्धता पत्रको ढाँचा तयार भएको ।
- प्रदेश नं.५ प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा भएको ।
- प्रदेश नं.५ प्रदेश अन्तर्गतका गाउँसभा र नगरसभाको कानून निर्माण प्रकृया सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा भएको ।
- प्रदेश नं.५ का सार्वजनिक लिखत प्रमाणिकरण कार्यविधीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा भएको ।
- प्रदेश नं.५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा भएको ।
- प्रदेश नं.५ प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा भएको ।
- प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा भएको ।

**६) गठन आदेश तथा नियुक्ती सम्वन्धी कार्यहरु**

- प्रदेश कानुन मस्यौदा तथा सुझाव आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको आदेश, २०७४ स्वीकृत गरिएको ।
- प्रदेश कानून मस्यौदा तथा सुझाव आयोगका अध्यक्ष तथा सदस्यहरुको नियुक्ति गर्ने र पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था गरिएको ।
- मुख्य न्यायाधिवक्तामा श्री ठाकुर प्रसाद डी. सी. लाई नियुक्त गरिएको ।
- मुख्य न्यायाधिवक्ताको सपथको ढाँचा तयार भएको ।
- माननीय मुख्यमन्त्रीको प्रेश सल्लाहकार नियुक्ती सम्बन्धी प्रस्ताव स्वीकृत गरी शेर वहादुर खत्रीलाई नियुक्ती गरिएको ।
- प्रदेश नं.५ प्रदेश योजना आयोग (गठन तथा सञ्चालन) आदेश २०७४ स्वीकृत र उक्त आदेश बमोजिम उपाध्यक्ष पदमा जिल्ला अर्घाखाँची साविक वलकोट-३ बस्ने डा.प्रकाश कुमार श्रेष्ठलाई नियुक्ती ।

- विभिन्न स्थानीय तहहरुबाट स्थानीय तहहरुको तथ्याङ्क विवरण संकलन गर्ने कार्य सञ्चालन भईरहेको ।
- यस प्रदेशको आर्थिक तथा सामाजिक विकासको स्थितिपत्र तयार गरी प्रस्तुत गरिएको ।
- चालु आ. व. को नीति तथा कार्यकंम तयार गरी प्रस्तुत गरिएको ।
- चालु आ.व.को बजेट निर्माण गरिएको ।
- प्रदेश सभाका माननीय सदस्यहरुलाई कार्यालयमा आमन्त्रण गरी ५ दिनसम्म आगामी आ. व. का लागि नीति तथा कार्यक्रम बजेट तथा पञ्चवर्षिय योजनाका विषयमा व्यापक रुपमा छलफल तथा अन्तर्क्रिया सम्पन्न भएको ।
- यस प्रदेशमा रहेका सबै स्थानीय तहहरुसँग आगामी वर्ष प्रदेश सरकारबाट सहयोग गर्नुपर्ने योजनाहरुको विवरण माग गरिएको ।
- प्रदेश सभा सदस्यहरुबाट आगामी आ. व. का लागि नीति तथा कार्यक्रम र योजनाहरुको विवरण माग गरी सोको कम्प्यूटरमा ईन्ट्री गर्ने कार्य भइरहेको ।
- प्रदेशको आवधिक योजना तयार गर्नका लागि प्रदेश योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा योजना तर्जुमा समिति गठन भएको ।

**७) आ.व. २०७४/७५ को बजेट बक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०७५ जेठ १५ गतेसम्मको प्रगति विवरण**

| ब.व.को बुँदा नं. | लिइएको नीति तथा कार्यक्रम | २०७५ जेठ १५ गतेसम्मको प्रगति |
|---|---|---|
| २० | संवैधानिक अंग तथा निकायहरुको स्थापना भौतिक संरचना निर्माण र सञ्चालन | मुख्य न्यायाधिवक्ताको नियुक्ती भएको । |
| २३ | सबै मन्त्रालयहरुको वेवसाईट निर्माण | कार्यालयको वेवसाईट निर्माण भएको । |
| ४५ | मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमका लागि स्थान छनौट तथा कार्यक्रमको प्रारुप तयार पार्ने | स्थान छनौट तथा प्रारुप तयार पार्ने सम्वन्धमा अध्ययन भईरहेको । |
| नि.का. १६ | प्रदेश स्तरीय तालिम केन्द्र स्थापना गर्ने । | |

८) आ.व. २०७४/७५ मा विनियोजित बजेट तथा २०७५ जेठ १५ गतेसम्मको वित्तीय प्रगति

**चालु खर्च** **रु हजारमा**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ७०५३१३११३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५७२५६.५० | ४३९६.१० | ७.६७ |

**पूँजीगत खर्च** **रु हजारमा**

| ब.उ.शी.नं. | मन्त्रालय/निकाय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ७०५३१३११४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २९९४९.५० | ६३९३.७६ | २१.३४ |

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## १.पृष्ठभूमि

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको छ ।प्रदेशस्तरको आर्थिक स्थायित्व र मुल्य स्थिरता सम्बन्धी नीति तर्जुमा र नियमन प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन तथा प्रदेश स्तरीय अर्थ, योजना, बजेट, वित्तीय संस्थाहरु संचालन व्यवस्थापन सम्बन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो ।

## २. दीर्घकालीन सोच

प्रदेश नं. ५ लाई समृद्ध प्रदेश खुसी जनता को मूल नाराका साथ द्रुततर विकास गर्दै सबल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी समग्र प्रदेश स्तरीय अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्ने ।

## ३. उद्धेश्य

संविधान प्रदत्त अधिकारको अधिकतम उपयोग गर्दै उपलब्ध स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पु-याउने ।

## ४. रणनीतिहरु

- आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान दिने ।
- कृषि पर्यटन शिक्षा स्वास्थ्य र भौतिक पूर्वाधार विकास जस्ता सामाजिक आर्थिक पूर्वाधार र बढी मात्रमा गरिबी निवारणोन्मुख क्षेत्रमा अनुकूल हुने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने ।
- बढी भन्दा बढी राजस्व वृद्धिका उपाय अवलम्बन गर्ने ।
- स्थानीय सरकारहरुवीचको साझेदारीमा सम्पन्न गर्न सकिने आयोजनाहरुलाई प्राथमिकता दिने ।
- विभिन्न मन्त्रालय र निकायहरुको लागि भएको बजेट विनियोजन र ति निकायवाट प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने ।
- माग तथा सामाजिक न्यायमा आधारित आयोजना कार्यान्वयनमा जोड दिने ।

## ५. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहायअनुसार रहेका छन्ः

१ प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,

२ प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,

३ प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,

४ संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,

५ प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर,

६ प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,

७ राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,

८ प्रदेश राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन,

९ प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,

१० संघीय नीति अनुरुप सहवित्तीयकरण,

११ प्रदेश आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन,

१२ प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,

१३ प्रदेश संचित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,

१४ प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्वन्धी,

१५ प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

१६ प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,

१७ घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

१८ संघीय कानुन अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण,

१९ राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२० संघसंगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,

२१ तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,

२२ बीमा र बीमा व्यवसायको संचालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,

२३ प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,


२४ आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसंगको समन्वय र सहकार्य ।

## ६. कानुनी तथा नीतिगत व्यवस्था

- सम्वत् २०७२ सालमा जारी भएको नेपालको संविधान,
- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४,
- विनियोजन ऐन, २०७४
- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४,
- कार्यसम्पादन नियमावली, २०७४ ।
- संचित कोष संचालन कार्यविधि, २०७४,
- बजेट बक्तव्य, २०७४
- व्यय अनुमानको विवरण, २०७४,
- प्रदेश नं. ५ को आर्थिक सामाजिक विकासको स्थिति पत्र,
- विनियोजन विधेयक २०७५ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति ।

## ७. संगठन संरचना तथा जनशक्ति

## क. दरवन्दी चार्टः



**ख. आर्थिक मामिला तथा योजना मन्त्रालयको दरवन्दी तेरिजः**

| क.स. | पद | सेवा | समूह | श्रेणी/तह | दरवन्दी संख्या |
|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ |
| २ | उपसचिव | प्रशासन | राजश्व | रा.प.द्धितीय | २ |
| ३ | उपसचिव | प्रशासन | सा. प्र. | रा.प.द्धितीय | २ |
| ४ | शाखा अधिकृत | प्रशासन | सा. प्र. | रा.प.तृतीय | ६ |
| ५ | शाखा अधिकृत | प्रशासन | राजश्व | रा.प.तृतीय | ६ |
| ६ | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृतीय | १ |
| ७ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृतीय | १ |
| ८ | अर्थशास्त्री | विविध | | रा.प.तृतीय | १ |
| ९ | तथ्याङ्क अधिकृत | योजना तथा तथ्याङ्क | तथ्याङ्क | रा.प.तृतीय | १ |
| १० | कम्प्यूटर इन्जिनियर | विविध | | रा.प.तृतीय | १ |
| ११ | कम्प्यूटर अधिकृत | विविध | | रा.प.तृतीय | १ |
| १२ | नायव सुव्वा | प्रशासन | सा. प्र. | रा.प.अनं. प्रथम | ५ |
| १३ | नायव सुव्वा | प्रशासन | राजश्व | रा.प.अनं. प्रथम | ६ |
| १४ | कम्प्यूटर अपरेटर | विविध | | रा.प.अनं. प्रथम | ३ |
| १५ | सह-लेखापाल | प्रशासन | लेखा | रा.प.अनं. द्धितीय | १ |
| १६ | हलुका सवारी चालक | | | श्रेणीविहिन | ४ |
| १७ | कार्यालय सहयोगी | | | श्रेणीविहिन | ५ |
| | | | | जम्मा | ४७ |

## ग. प्रदेश लेखा नियन्त्रक कार्यालय संगठन संरचना तथा जनशक्ति:

**प्रदेश लेखा नियन्त्रक**

रा.प.द्धितीय (लेखा)

**विनियोजन,कोष प्रशासन तथा वित्त हस्तान्तरण शाखा**

लेखा अधिकृत (रा.प.तृ.) -२
लेखापाल (रा.प.अनं.प्रथम.) -२
कम्प्यटर अपरेटर (रा.प.अनं.प्रथम.) -१

**निरीक्षण अनुगमन तथा आ.ले.प. शाखा**

लेखा अधिकृत (रा.प.तृ.) -२
लेखापाल (रा.प.अनं.प्रथम.) -२
कम्प्यूटर अपरेटर (रा.प.अनं.प्रथम.) -१

**आर्थिक प्रशासन शाखा**

लेखापाल (रा.प.अनं.प्रथम.) -१

**सम्पत्ति व्यवस्थापन शाखा**

लेखा अधिकृत (रा.प.तृ.) -१
लेखापाल (रा.प.अनं.प्रथम.) -१
कम्प्यूटर अपरेटर (रा.प.अनं.प्रथम.) -१

**आन्तरिक प्रशासन तथा तथ्याङ्क शाखा**

लेखा अधिकृत (रा.प.तृ.) -१
लेखापाल (रा.प.अनं.प्रथम.) -१
कम्प्यूटर अपरेटर (रा.प.अनं.प्रथम.) -१

**दरवन्दी तेरिज**

| | |
|---|---|
| प्रदेश लेखा नियन्त्रक (रा.प.द्धि.लेखा) | -१ |
| लेखा अधिकृत (रा.प.तृ.) | -६ |
| लेखापाल (रा.प.अनं. प्रथम) | -७ |
| कम्प्यूटर अपरेटर (रा.प.अनं. प्रथम) | - ४ |
| जम्मा | १८ |
| हलुका सवारी चालक - | १ |
| का.स. | -३ |
| जम्मा | ४ |

## ८ आ.ब. २०७४/०७५ मा सम्पादन भएका महत्वपूर्ण कार्यहरु

- प्रदेशस्तरमा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको,
- प्रदेश नं. ५, आर्थिक कार्यविधि ऐन, २०७४ तर्जुमा गरी जारी भएको,
- आ.ब. २०७४/०७५ को बजेट पारित भई कार्यान्वयनमा रहेको,
- प्रदेश नं. ५, प्रदेश विनियोजन ऐन, २०७४ जारी भएको,
- प्रदेश नं. ५ को समग्र सामाजिक, आर्थिक पक्षहरु समेटिएको प्रदेशको स्थिति चित्र तयार गरिएको,
- प्रदेश सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४ तयार गरिएको,
- प्रदेश सञ्चित कोषको स्थापना तथा सञ्चालनमा आएको,
- प्रदेश स्तरमा राजस्व परामर्श समिति गठन भई कार्य गरिरहेको,
- स्रोत अनुमान समितिको गठन भई आ.ब. २०७५/०७६ को स्रोत अनुमानको प्रतिवेदन पेश भएको,
- विनियोजन विधेयक २०७५ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति प्रदेश सभामा पेश भएको,
- प्रदेश सभाका सदस्यज्यूहरुसँग योजना तथा बजेट सम्बन्धमा छलफल तथा अन्तरक्रिया सम्पन्न भएको,
- प्रादेशिक योजना तथा बजेट निर्माण सम्बन्धमा नेपालगञ्ज र दाङमा स्थानीय तहका प्रतिनिधि, उद्योगी, व्यवसायी, सरकारी कार्यालयका प्रमुख, पत्रकारहरु तथा सरोकारवालाहरुसँग छलफल, अन्तरक्रिया सम्पन्न गरिएको,
- प्रदेश लेखा नियन्त्रक कार्यलयको स्थापना भई कार्य सञ्चालन भएको,
- प्रदेश कर तथा गैरकर सम्बन्धी विधेयक प्रदेश सभामा पेश भएको,
- प्रदेश वित्त व्यवस्थापन विधेयक प्रदेश सभामा पेश भएको,
- समपुरक र विशेष अनुदानको कार्यविधिको मस्यौदा तयार भएको,
- सार्वजनिक खर्च सम्बन्धी निर्देशिका मापदण्ड र खर्च मितव्ययिता सम्बन्धी निर्देशिका २०७४ मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको ।

**९. आर्थिक वर्ष २०७४/७५ को वजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०७५ ज्येष्ठ १५ गते सम्मको प्रगति विवरणः**

| ब.व.को बुँदा नं. | लिइएको नीति तथा कार्यक्रम | २०७५ जेष्ठ १५ सम्मको प्रगति |
|---|---|---|
| १४ | राजस्वको श्रोतको पहिचान गरी संकलन प्रक्रिया अघि बढाउने | राजस्व परामर्श समिति गठन भै राजस्वका स्रोतहरुको बारेमा अध्ययन भइरहेको |
| १५ | प्रादेशिक आवधिक योजना बनाउने र प्रदेशको दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजना तर्जुमा गर्ने । | प्रदेश सभाका सदस्यहरु तथा स्थानीय जनप्रतिनिधिहरु मार्फत आएका योजनाहरुको संकलन तथा विवरण तयार भएको |
| १५ | आन्तरिक स्रोत परिचालनका लागि आवश्यक नीति, कानुन, संगठन संरचना तयार गर्ने | प्रदेश नं ५ को कर तथा गैरकर राजस्व सम्बन्धी विधेयक प्रदेश सभामा पेश भएको |
| २१ | प्रदेश लेखा नियन्त्रक कार्यालयको स्थापना र सार्वजनिक खर्च सम्बन्धी मापदण्ड र खर्च मितव्ययिता सम्बन्धी निर्देशिका तयार गर्ने | प्रदेश लेखा नियन्त्रक कार्यालयको स्थापना भई कार्य सञ्चालन भएको र सार्वजनिक खर्च सम्बन्धी मापदण्ड र खर्च मितव्ययिता सम्बन्धी निर्देशिकाको मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको |
| २३ | सुशासन र पारदर्शिता कायम गर्न मन्त्रालयहरुको वेभसाईट निर्माण | आधिकारिक वेभसाईट निर्माण भई सन्चालनमा आएको |
| २४ | आर्थिक सामाजिक लगायतका विकास कार्यक्रम तथा योजना निर्माणका लागि आवश्यक तथ्याङ्कहरु संकलन गरी डाटावेश बनाउने | प्रदेश सभा सदस्यहरु र स्थानीय जनप्रतिनिधिहरु मार्फत आएका योजनाहरुको संकलन भइरहेको |

**११. आ.व. २०७४/७५ मा विनियोजित वजेट तथा २०७५ ज्येष्ठ १५ गतेसम्मको वित्तीय प्रगति**

**चालु खर्च** **(रू.हजारमा)**

| **ब.उ.शी.नं.** | **मन्त्रालय / निकाय** | **खुद बजेट** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|---|
| ७०५३२३११३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १९४३३ | २२३७.९६ | ११.५२ |

**पुजिगत खर्च** **(रू.हजारमा)**

| **ब.उ.शी.नं.** | **मन्त्रालय / निकाय** | **खुद बजेट** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|---|
| ७०५३२३११४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १३१४२ | १०५९.८८ | ८.०६ |

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

## १. पृष्ठभूमीः

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने कुरा नेपालको संविधानले सुनिश्चित गरेको छ । यसै अनुरुप राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नुपर्ने हुन्छ ।सोही संवैधानिक व्यवस्था बमोजिम आन्तरिक मामिला तथा कानुन मन्त्रालयको स्थापना मिति २०७४ साल फागुन ३ गते गठन भई कार्यारम्भ भएको छ ।

प्रदेश स्तरीय शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, निर्देशन, सुपरीवेक्षण, मूल्याङ्कन र प्रतिवेदनका साथै कानुन, न्याय तथा प्रदेश सभा मामिला लगायत संघ सँगको समन्वय र सहकार्य गर्नु यस मन्त्रालयको मुख्य दायित्व रहेको छ । स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वयमा प्रभावकारिता कायम गरी सुशासन प्रवर्द्वन गर्न मन्त्रालय दृढ प्रतिवद्धताका साथ काम गर्दै आएकोछ ।

## २. दृष्टिकोणः

प्रदेश नं. ५ लाई "समृद्ध प्रदेश खुसी जनता" को मूल नाराका साथ द्रुततर विकास गर्दै समृद्ध सार्वभौम, अखण्ड, शान्त, समुन्नत र सुरक्षित नेपालको निर्माणमा क्रियाशील रहने ।

## ३. ध्येयः

- प्रादेशिक सुरक्षा नीति कार्यान्वयनमा ल्याई शान्ति सुरक्षा प्रभावकारी बनाउने,
- दण्डहिनताको अन्त्य गरी जवाफदेहिता वहन गर्ने प्रणालीलाई दृढताका साथ कार्यान्वयन गर्ने,
- प्रदेश स्तरमा दिगो शान्ति व्यवस्थापन गर्ने,
- प्रदेशले बनाउनुपर्ने कानुनको मस्यौदा तयार गर्नुका साथै अन्य मन्त्रालयबाट सहमतिका लागि प्राप्त मस्यौदामा सहमति प्रदान गर्ने ।

## ४. रणनीतिः

- प्रादेशिक शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन तथा नियमन लगायतका कार्यहरु द्रुत गतिमा अगाडि बढाउने,

- सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश प्रहरीको गठन गरी परिचालन गर्ने,
- प्रदेश प्रहरीलाई जनमैत्री तथा जनतालाई प्रहरी मैत्री बनाउने,
- प्रदेशमा विधिको शासनलाई प्राथमिकतामा राखी जनतालाई सुशासनको प्रत्याभूति दिने,
- मानव अधिकारको प्रवर्द्धन तथा लैङ्गिक विभेदको अन्त्यका लागि आवश्यक कानुनको तर्जुमा गरी विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिक अक्षुणताको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्य अनुरुप आन्तरिक शान्ति सुरक्षा कायम गर्ने,
- विपद व्यवस्थापनको सन्दर्भमा जोखिम न्यूनीकरण पूर्व तयारी, प्रतिकार्य र पुनः लाभका कार्यमा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग प्रभावकारी समन्वय कायम गर्ने,
- प्रदेश सरकार सञ्चालनका लागि आवश्यक पर्ने सबै प्रकारका कानुनहरुको तर्जुमा गर्न सहजीकरण एवम समन्वय गर्ने ।
- प्रदेशस्तरमा सूचना तथा संचारसँग सम्बन्धित नीति तथा कानुन, मापदण्ड आदि बनाउन अगाडि बढाउने ।

## ५. रणनीतिक उद्देश्यहरुः

- सुरक्षा निकायको एकीकृत र समन्वयात्मक परिचालनद्वारा सुरक्षा र विधिको शासन तथा सुशासनको प्रत्याभूति गर्ने,
- नागरिक सुरक्षाका लागि प्रविधि र पद्धति केन्द्रित प्रणालीको स्थापना र विकास तथा पेशागत विशिष्टताको प्रवर्द्धन गर्ने,
- समाजको सुरक्षा र स्थायित्व तथा नागरिकलाई सबै प्रकारका त्रासबाट उन्मुक्ति दिलाउने,
- विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने,
- कानुनको तर्जुमालाई उच्च प्राथमिकतामा राखी प्रादेशिक कार्यसञ्चालनमा प्रभावकारिता ल्याउने,
- नागरिकको न्यायमा पहुँच सुनिश्चित गर्ने ।

## ६. कार्यक्षेत्रः

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहायअनुसार रहेका छन्:

- प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्य,

- अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
- संघीय र प्रदेश सुरक्षा निकायसंगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,
- संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन,
- प्रदेश भित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय,
- कानून, न्याय तथा प्रदेश सभा मामिला सम्वन्धी,
- प्रदेशसभामा पेश हुने बिधेयक तर्जुमा र प्रमाणीकरण सम्वन्धी,
- अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,
- आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग,
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एकप्रदेश बाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,
- सामुदायिक प्रहरी,
- प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,
- प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन,
- प्रदेशभित्रका गैरसरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय,
- गुनासो र विवाद व्यवस्थापन,
- संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,
- फौजदारी कार्यविधि कानूनको कार्यान्वयन,
- अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,
- निवारक नजरबन्द र स्थान हद सम्बन्धी,
- अन्तरप्रदेश सम्बन्ध,
- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान,
- स्थानीय प्रशासनको सन्चालन, व्यवस्थापन र समन्वय,
- पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम


क्षेत्र नक्शाँकन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

- उपाधि,सम्मान तथा विभूषणको सिफारिस,
- प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन,
- प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापन सम्वन्धी,
- सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्वन्धी,
- प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण,
- प्रदेशस्तरमा तारयुक्त र तारहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,
- प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूवना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन,
- प्रदेश भित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन,
- प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण, अनुगमन र नियमन,
- साइवर सुरक्षा अनुगमन,
- छापासंचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन,
- प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,
- श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,
- प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी,
- केबुल वितरणको इजाजत, नवीकरण र नियमन गर्ने ।

**७. कानुनी व्यवस्थाः**

- सम्वत् २०७२ सालमा जारी भएको नेपालको संविधान,
- प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४,
- प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४।

## ८. संगठन संरचना तथा जनशक्तिको व्यवस्थाः




## ९. आर्थिक वर्ष २०७४/७५ मा मन्त्रालयबाट सम्पादन भएका महत्वपूर्ण कार्यहरुः

- प्रदेश नं. ५ मा २०७५ साल बैशाख १ गते देखि २०७६ साल चैत्र मसान्त सम्म प्रदान गरिने सार्वजनिक विदा व्यवस्थापन सम्बन्धमा प्रदेश नं. ५ का बाह्रवटै जिल्ला सदरमुकाममा पुगी कर्मचारी, राजनीतिक दल, नागरिक समाज, संचार माध्यम तथा अन्य सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी छलफलका क्रममा प्राप्त सुझावहरुका आधारमा थप गर्नुपर्ने सार्वजनिक विदाका सम्बन्धमा प्रतिवेदन तयार गरी निर्णयका लागि प्रदेश सरकार मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा प्रस्ताव दर्ता गरिएको,
- विभिन्न १० वटा कानुनहरुः प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानुन निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं.

५ प्रदेश सार्वजनिक लिखत प्रमाणिकरण कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं. ५ स्थानीय तहको पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, विनियोजन विधेयक, प्रदेश नं. ५ प्रदेश अन्तर्गतका प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश नं. ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश नं. ५ प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर अध्ययन गरी स्वीकृति प्रदान गरिएको,

- विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधिको प्रारम्भिक मस्यौदा तयार गरी छलफलको क्रममा रहेको छ,
- गत आ.व.मा यस प्रदेश अन्तरगतका जिल्लाहरुमा भएका विपदसम्बन्धी घटनाको तथ्याङ्क संकलन गर्ने काम भएरहेको,
- मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्त सम्बन्धी विधेयक र प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी विधेयक सहमति प्रदान गर्न छलफलको क्रममा रहेको,
- प्रदेश राजपत्र प्रकाशन गर्ने व्यवस्थाको लागि प्रदेश सरकार मन्त्रिपरिषदमा राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ स्वीकृतिको लागि प्रस्ताव पेश गरिएको छ,
- शान्ति सुरक्षा तथा विपद व्यवस्थापन सम्बन्धी प्रदेशस्तरीय गोष्ठि आयोजनाको तयारी भैरहेको,
- IT Park निर्माणका लागि अध्ययन भैरहेको,
- यस मन्त्रालयलाई आवश्यक पर्ने सवारी साधन (मोटरसाईकल ४ थान तथा स्कुटर १ थान) खरिद गरिएको,
- सिलवन्दी दरभाउपत्रको आह्वान गरी राजपत्र प्रकाशन गर्ने प्रयोजनका लागि उच्च क्षमताको प्रिन्टर मेसिनका साथै मन्त्रालयलाई आवश्यक कम्प्युटर, ल्यापटप आदि सामग्रीहरुको खरिद गरिएको ।

## १०. आर्थिक वर्ष २०७४/७५ को वजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०७५ ज्येष्ठ १५ गतेसम्मको प्रगति विवरणः

| ब.व.का. बुँदा नं. | लिइएको नीति तथा कार्यक्रम | २०७५ जेष्ठ १५ गतेसम्मको प्रगति |
|---|---|---|
| २३ | बाढी पहिरो, आगजनी, शितलहर, भूकम्प जस्ता प्राकृतिक प्रकोपले सवैभन्दा बढी न्यून आय भएका मानिसहरू नै प्रभावित हुने गर्दछन् । यस्ता प्राकृतिक | विपद व्यवस्थापन कोषको स्थापना भै वितरणको लागि विपदबाट भएको क्षतिको राहत वितरण सम्बन्धी |

| | | |
|---|---|---|
| | प्रकोपका जोखिमयुक्त क्षेत्र पहिचान गरी नकारात्मक प्रभाव न्यूनीकरण गर्ने योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । साथै, प्राकृतिक प्रकोप प्रभावित नागरिकहरूलाई तत्काल राहत दिन प्रादेशिक विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ । | मापदण्डको तर्जुमा अन्तिम चरणमा रहेको |
| २६ | प्रदेशका जिल्ला सदरमुकामहरूमा नगरवासीहरूलाई सुरक्षाको प्रत्याभूतिका लागि सि.सि.टि.भी. जस्ता सूचना प्रविधिको उपयोग गरिने नीति लिइनेछ । | मन्त्रालय परिसरमा जडान कार्य अगाडी बढेको |
| २७ | प्रदेश सरकारले प्रदेशवासीहरूका लागि सबै प्रकारका सूचनामा पहुँच पुर्याई जनचेतनाको स्तरलाई वृद्धि गर्ने नीति लिनेछ । | Web site को निर्माण कार्य अन्तिम चरणमा रहेको |
| २८ | प्रदेश अनुसन्धान व्यूरो गठन गरी परिचालन गरिनेछ । प्रदेश भित्रको शान्ति, सुरक्षा सुदृढ र सुव्यवस्था कायम गर्न प्रहरी प्रशासनलाई सक्षम र जिम्मेवारी बनाउन विशेष नीति लिइनेछ । प्रदेश प्रहरी स्थापनाका लागि आवश्यक पहल गरिनेछ । | प्रदेश प्रहरी संगठन संरचना सम्बन्धमा अध्ययन तथा छलफलको क्रममा रहेको |
| २९ | संघ-संस्था दर्ता, अभिलेखीकरण र नियमन गर्ने कार्यलाई व्यवस्थित गरिनेछ । | अध्ययनको क्रममा रहेको |
| ३० | गाउ गाउँमा सूचनाको पहुँचको विस्तारका लागि टेली सेन्टरहरू स्थापना गर्ने नीति लिइनेछ । यसबाट कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, सञ्चारको क्षेत्रमा नागरिकको सहज पहुँच हुने विश्वास लिइएको छ । | अध्ययनको क्रममा रहेको |

**११. आ.व. २०७४/७५ मा विनियोजित वजेट तथा २०७५ ज्येष्ठ १५ गतेसम्मको वित्तीय प्रगति**

**चालु खर्च** **(रू. हजारमा)**

| **ब.उ.शी.न.** | **मन्त्रालय / निकाय** | **खुद बजेट** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|---|
| ७०५३३३३११३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३११९० | २५५८ | ८.२ |

**पुजिगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.न. | मन्त्रालय / निकाय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ७०५३३३३११४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ९९९८ | २०७९ | २०.७९ |

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## १. पृष्ठभुमी

नेपालको संविधानले देशको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा व्यवस्था गरे अनुरुप प्रदेश सभाको निर्वाचन सम्पन्न भई प्रदेश सरकार गठन तथा क्रियासिल भैसकेको छ । नेपालको संविधान बमोजिम प्रदेश सरकार गठन भई प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ ले यस मन्त्रालयलाई मुलत प्रदेश नं. ५ मा उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारी सुम्पिए अनुरुप २०७४ माघ महिनादेखि यो मन्त्रालय स्थापना भई संचालनको सुरुवात चरणमा रहेको छ । बर्दघाट पश्चिमको नवलपरासी, रुपन्देही, पाल्पा, कपिलवस्तु, गुल्मी, अर्घाखाँची, प्यूठान, रोल्पा, पूर्वी रुकुम, दाङ्ग, बाँके र बर्दिया गरी १२ जिल्लाहरु समावेश भइ प्रदेश नं. ५ बनेको छ । यस प्रदेशको जम्मा क्षेत्रफल २२,२८८ वर्ग कि.मी.रहेको छ ।

वन अनुसंधान तथा सर्वेक्षण विभाग अनुसार यस प्रदेशमा ८८४९५० हेक्टर वन क्षेत्र रहेको छ जुन यस प्रदेशको कुल भूभागको ४५.५४ प्रतिशत हुन आउँछ । यस प्रदेमा सवै भन्दा वढी वन क्षेत्र दाङ जिल्लामा रहेको छ भने बर्दघाट पश्चिमको नवलपरासी जिल्लामा कम वन रहेको छ । जैविक विविधता संरक्षणको लागि यस प्रदेशमा बर्दिया राष्ट्रिय निकुन्ज, बाँके राष्ट्रिय निकुन्ज,कृष्णसार संरक्षण क्षेत्र ढोरपाटन शिकार आरक्ष , मदाने संरक्षित वन खाता संरक्षित वन जस्ता संरक्षित क्षेत्रहरु रहेका छन ।

यस प्रदेशमा लघु,घरेलु र साना उद्योग गरी जम्मा ५२१९५ उद्योगहरु दर्ता भै संचालनमा रहेका छन । यस प्रदेशमा उद्योगको प्रकृती अनुसार उर्जामुलक,कृषि तथा वन जन्य,निर्माण,खनिज जन्य,पर्यटनमुलक,सेवामुलक र उत्पादन मुलक खालका उद्योगहरु रहेका छन ।

लुम्बिनी, तिलौराकोट, रानीघाट दरवार, सिस्ने हिमाल, रुरु क्षेत्र स्वर्गद्धारी, गौमुखी, सत्यवती, सिद्धबाबा रेसुङ्गा जस्ता धार्मिक पर्यटकिय क्षेत्र रहेको यस प्रदेशमा नेपालगञ्ज भैरहवा र तुल्सीपुरमा रहेका विमान स्थलहरुबाट समेत यस क्षेत्रमा पर्यटक भित्राउन सहयोग पुग्ने देखिन्छ ।

## २. दीर्घकालीन सोंच

उद्योग, पर्यटन र वन क्षेत्रको रूपान्तरणबाट आर्थिक सम्बृद्धि हासिल गर्न सहयोग पुर्याउने ।यस क्षेत्रको विविधीकरण गर्दै आधुनिकीकरण, ब्यवसायीकरण र औधोगिकीकरण मार्फत समुन्नत प्रदेश निर्माण गर्ने ।

रोजगारी तथा स्वरोजगारी सिर्जना गरी गरिवी निवारणमा टेवा पुर्याउने । नागरिकहरुको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउन'पर्ने हक लाई सुनिश्चत गर्दै दिगो विकास र समुन्नत प्रदेशका रुपमा स्थापना गर्ने .

### ३. उद्धेश्य

- प्रदेश अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानमा वृद्धि गरी आर्थिक रूपान्तरण र सुदृढ अर्थतन्त्रको निर्माण गर्ने ।
- निकासी प्रवर्द्वन मार्फत प्रदेशको अर्थतन्त्रमा वाणिज्य क्षेत्रको योगदान बढाई आर्थिक समृद्धि हासिल गर्ने । गुणस्तरयुक्त उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण गर्ने ।
- प्रदेशको आर्थिक समृद्धिका लागि पर्यटन विकास गर्ने ।
- कुल भू–भागको कम्तिमा चौवालिस प्रतिशत वनक्षेत्र कायम गर्ने राष्ट्रिय लक्ष्य अनुरुप प्रदेशमा पनि हाल रहेको करिव ४५% वनक्षेत्र कायम गर्न विशेष कार्यक्रम संचालन गर्ने ।
- वनको वैज्ञानिक व्यवस्थापनबाट वन क्षेत्रमो उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्न "समृद्धिका लागि वन" कार्यक्रम लागु गर्ने ।
- सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमा आवद्ध गरि आम नागरिकलाई छिटोछरितो, पारदर्शी र गुणस्तरीय सेवा मातहतका निकायहरुबाट उपलब्ध गराउने ।
- सबै किसिमका वातावरणीय प्रदुषण न्यूनीकरण र रोकथाम गर्दै न्यून कार्वनमुखी, वातावरण मैत्री तथा दिगो विकासको सिद्धान्तमा आधारित विकास प्रकृया अवलम्वन गर्ने ।

### ४.रणनीतिहरू

- आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन सार्वजनिक, निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने ।
- अत्यावश्यक वस्तु तथा सेवाको नियमित र सर्वसुलभ ढंगबाट आपूर्ति गर्न आवश्यक पूर्वाधार एवं संरचनाहरू तयार गर्न प्राथमिकता दिने ।
- खाद्यान्न अभाव भएका क्षेत्रमा खाद्यान्न आपूर्ति गर्नुका साथै विपन्न वर्गका लागि सुपथ मूल्यमा खाद्यान्न आपूर्ति गर्ने संयन्त्रको विकास गरी आपूर्ति व्यवस्था सुनिश्चित गर्ने ।
- पर्यटन प्रर्वद्धन र पर्यटन विकास गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गर्ने नीति अवलम्बन गर्ने ।
- ग्रामीण पर्यटन मार्फत यस क्षेत्रका लाभलाई जनस्तरसम्म पु-याउने ।

- जैविक एवं सास्कृतिक बिबिधता र प्राकृतिक सौन्दर्यको संरक्षण तथा पर्यटन पूर्वाधारको विकासको माध्यमबाट पर्यटन प्रवर्द्धनमा जोड दिई कार्यान्वयन गर्ने ।
- पर्या–पर्यटन तथा कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप वातावरण मैत्री बनाउने ।
- वन क्षेत्रको अतिक्रमण र वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि स्थानिय समुदाय तथा सरोकारवालाहरुको क्षेमता अभिवृदी गर्ने कार्यक्रम लागु गर्ने ।
- आर्थिक रुपले महत्वपूर्ण जडीवुटी तथा गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती, उत्पादन वृद्धि र बजारीकरणलाई प्रोत्साहन गर्ने ।
- माथिल्लो तथा तल्लो तटीय क्षेत्रको अन्तर सम्बन्ध स्थापनामा प्राथमिकता दिई प्रदेशस्तरका जलविद्युत आयोजनाहरुका जलाधार र शहरी जलाधार क्षेत्र संरक्षण गर्न ठुला तथा महत्वपूर्ण नदीका जलाधार क्षेत्र संरक्षणका लागि एकिकृत जलाधार संरक्षण कार्यक्रम संचालन गर्ने ।

- स्वच्छ र हरियाली वातावरणको लागि नियमित सरसफाई र सार्वजनिक स्थलमा वृक्षारोपण गरी "सफा वातावरण, स्वच्छ जीवन" कार्यक्रमलाई स्थानीय तहसँग समन्वय गरी अभियानको रुपमा अगाडी बढाउने ।
- जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकुलनका कार्यक्रमहरु संचालन गर्न आवश्यक पहल गर्ने ।
- वन संरक्षण, दिगो व्यवस्थापन तथा उपयोगको लागि समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको विकास र प्रवर्द्धन गर्ने ।

## ५. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य बिभाजन) नियमावली २०७४ ले यस मन्त्रालयको कार्यक्षेत्र देहाय अनुसार उल्लेख गरेको छ ।

१. व्यापार बाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलि नियन्त्रण,

२. प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रर्बद्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्यांक प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन

३. ढुवानी परिबहन प्रणाली, तथा कार्गो व्यवस्थापन

४. नेपाल सरकारको सहमतिमा आर्थिक तथा औधोगिक बिषयका करारजन्य सम्झौता

५. व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन

६. खानी तथा खनिज पर्दाथको अन्बेषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एबम पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखांकन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा संचालन र संघसंग समन्वय

७. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी

८. कलकारखाना र औधोगिकीकरण सम्बन्धी, नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन

९. उद्योग दर्ता अनुमति, नवीकरण एबम खारेजी र औधोगिक विकास तथा औधोगिक व्यवसायको प्रर्बद्धन र नियमन

१०. प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औधोगिक क्षेत्र र बिशेष आर्थिक क्षेत्रको स्थापना, संचालन र बिस्तार

११. औधोगिक वस्तुको निर्यात प्रर्बद्धन

१२. सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपुर्ति सम्बन्धी नीति कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र अनुगमन

१३. उपभोक्ता हक अधिकार संरक्षण तथा प्रर्बद्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन

१४. मुल्य र कालो बजारी तथा कृत्रिम अभाव नियन्त्रण एबं नियमन

१५. संघीय मापदण्ड अनुसार स्टान्डर्ड वर्गीकरण, गुणस्तर परिक्षण र नियमन

१६. उपभोक्ता अदालत गठन र संचालन

१७. अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपुर्ति सम्बन्धी सुचना संकलन, बिश्लेषण, प्रक्षेपण र आपुर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपुर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय

१८. लक्षित क्षेत्र र बर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन

१९. करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन

२०. संघ संगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन

२१. दामासाहीमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्षन्वयन र नियमन

२२. प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन

२३. प्रदेशस्तरमा इन्धनको गुणस्तर नियन्त्रण

२४. संघीय कानून बमोजिम क्यासिनो तथा चिट्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी

२५. प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

२६. औधोगिक तथा ब्यापार प्रर्दशनीको आयोजना तथा ब्यवस्थापन

२७. उद्योगमा श्रममुलक प्रबिधि र स्वदेशी श्रमिकको उपयोग

२८. स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रर्बद्धन सहायता

२९. प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार बिकास, प्रर्बद्धन र नियमन

३०. पर्यटक प्रहरी व्यवस्थापन

३१. पर्यटकीय होटल, रिर्सोट, लज, ट्राभल तथा ट्रेकिंङ एजेन्सी, गाइड, -याफटिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन

३२. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन

३३. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण

३४. वन, वनस्पति, वन्यजन्तु र जैबिक विविधता सम्बन्धी प्रादेशिक संग्रहालय व्यवस्थापन

३५. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन

३६. हात्तिसार तथा चिडियाखानाको व्यवस्थापन

३७. जडिबुटी खेती प्रबिधि प्रर्बधन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्यांक संकलन

३८. वन तथा वातावरण सम्बन्धी बिषयमा प्राबिधिक सुचना तथा सेवा प्रबाह

३९. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग

४०. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्बेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन

४१. प्रदेशस्तरमा जैबिक बिबिधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाडफाँट

४२. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रबिधि बिकाश, व्यवस्थापन

४३. प्रदेशभित्र भूस्खलन नियन्त्रण

४४. प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रबिधि बिकास र व्यवस्थापन

४५. प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन

४६. प्रदेशस्तरमा वातावरणीय सुचना प्रणालीको व्यवस्थापन

४७. प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार

४८. प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, संचालन र व्यवस्थापन

४९. प्रदेशस्तरमा ठोस, बायु, तरल, जल, ध्वनी तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण

५०. प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरण मैत्री विकास प्रकृया र हरित क्षेत्र प्रर्वद्धन

५१. प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन

५२. प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण

५३. भुपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन

५४. संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण

५५. अन्तरप्रदेशीय नदि उकास तथा सडक किनार बृक्षारोपण व्यवस्थापन

५६. बृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैचा स्थापना र व्यवस्थापन

५७. प्रदेशभित्र बृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

५८. प्रदेशभित्र जडिबुटी तथा अन्य गैह् काष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन

५९. वन्यजन्तु र चराचुरुंगी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

६०. प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विरुतार, सो सम्बन्धी तथ्यांक संकलन, प्रशोधन सर्वेक्षण र जनशक्ति विकास र उपयोग

६१. बैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रबिधिको आविष्कार, उनन्यन र बिकास

६२. विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, संचालन र व्यवस्थापन

६३. कानुनी व्यबस्थाहरू  नेपालको संविधान, प्रदेश सरकार (कार्य बिभाजन) नियमावली २०७४ यस मन्त्रालय सचालनका प्रमुख कानुनी आधार हुन । यस मन्त्रालयसंग सम्बन्धित प्रदेशस्तरीय उद्योग,पर्यटन वन तथा वातावरण सम्बन्धी कानूनहरु निर्माण गर्ने क्रममा रहेको छ ।

## ७. संगठन संरचना

नेपाल सरकार (मन्त्रीपरिषद) बाट स्वीकृत यस मन्त्रालयको संगठन संरचना तपसिल अनुसार रहेको

| **क्र.सं.** | **पद** | **सेवा** | **समूह** | **श्रेणी** | **दरवन्दी संख्या** | **कै.** |
|---|---|---|---|---|---|---|
| १. | प्रदेश सचिव | वन | समूहकृत नहुने | रा.प.प्रथम | १ | |
| २. | उप सचिव | प्रशासन | सा.प्र | रा.प. द्बितिय | ३ | |
| ३. | उप सचिव | वन | ज.फ. | रा.प.द्बितीय | २ | |
| ४. | शाखा अधिकृत | प्रशासन | सा.प्र. | रा प तृतिय | ६ | |
| ५. | लेखा अधिकृत | प्रशासन | लेखा | रा प तृतिय | १ | |
| ६. | कानूनी अधिकृत | कानून | कानून | रा प तृतिय | १ | |
| ७. | कम्प्यूटर ईन्जिनियर | विविध | - | रा प तृतिय | १ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | सहायक वन अधिकृत | वन | ज.फ. | रा प तृतिय | ३ | |
| ९. | सहायक भू अधिकृत | वन | स्वायल | रा प तृतिय | १ | |
| १०. | सहायक वन अधिकृत | वन | बोटानी | रा प तृतिय | १ | |
| ११. | वातावरण निरिक्षक | विविध | | रा प तृतिय | १ | |
| १२. | नायव सुब्वा | प्रशासन | सा प्र | रा प.अनं.प्रथम | ७ | |
| १३. | कम्पप्यूटर अपरेटर | विविध | | रा प अन.प्रथम | १ | |
| १४. | प्राविधिक सहायक | वन | ज.फ. | रा प अनं.प्रथम | ४ | |
| १५. | प्राविधिक सहायक | वन | स्वायल | रा प अनं.प्रथम | १ | |
| १६. | प्राविधिक सहायक | वन | बोटानी | रा.प अनं. प्रथम | १ | |
| १७. | सल लेखापाल | प्रशासन | लेखा | रा प अनं.द्वितीय | १ | |
| १८. | हलुका सवारी चालक | प्रशासन | प्रशसान | विहिनी | ४ | |
| १९. | कार्यलय सहयोगी | प्रशासन | प्रशासन | विहिनी | ५ | |
| | | | | जम्मा | ४५ | |

**८. आ.व. २०७४/०७५ मा सम्पादन भएका मुख्य मुख्य कार्यहरू**

१. मन्त्रालय गठन भई संचालन भएको ।

२. प्रादेशिक नीति निर्माण :- प्रादेशिक वन नीति २०७५, प्रादेशिक औद्योगीक नीति, २०७५, प्रादेशिक वाणिज्य नीति, २०७५, प्रादेशिक पर्यटन नीति, २०७५, को मस्यौदा तयार कार्य भैरहेको,

३. बिषयगत तथ्याङ्क संकलन, प्रशोधन, बिश्लेषण कार्य जारी रहेको ।

४. बिबिधः

(क) अन्तरमन्त्रालय समन्वय र सहकार्य गरिएको ।

(ख) प्रबक्ता तथा सूचना अधिकारी तोकिएको ।

(ग) वेव साईट निर्माण भएको ।

(घ) तालिम, गोष्ठी तथा कार्यक्रमहरु आदिमा सहभागिता ।

(ङ) अन्य नियमित तथा आकस्मिक कार्यहरु सम्पादन गरिएको ।

**९. आ.व.२०७४र०७५ मा बिनियोजित बजेट तथा २०७५ जेष्ठ १५ सम्मको वित्तिय प्रगति**

**चालु खर्च** **रकम रु हजारमा**

| **ब.उ.शि.नं.** | **मन्त्रालय** | **खुद वजेट** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|---|
| ७०५३४३११-४ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | ९०५० | १२४६.०५ | १३.७७ |

**पुँजिगत खर्च** **रकम रु. हजारमा**

| **ब.उ.शि.नं.** | **मन्त्रालय** | **खुद वजेट** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|---|
| ७०५३४३११-३ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | २१२५० | १८११.९१ | ८.५३ |

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## १. पृष्ठभूमि-

नेपालको संविधानले देशको मुल संरचना संघ, प्रदेश र स्थानिय तह गरी तीन तहमा व्यवस्था गरे अनुरुप प्रदेश सभाको निर्वाचन सम्पन्न भई प्रदेश सरकार गठन तथा क्रियासिल भैसकेको छ । नेपालको संविधान बमोजिम प्रदेश सरकार गठन भई प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले यस मन्त्रालयलाई मुलत प्रदेश नं. ५ मा कृषि, पशुपंक्षी, भूमि व्यवस्था तथा सहकारी क्षेत्रको विकास, विस्तार र समृद्धि गर्ने जिम्मेवारी सुम्पिए अनुरुप २०७४ माघ महिना देखि यो मन्त्रालय स्थापना भई संचालनको सुरुवात चरणमा रहेको छ । बर्दघाट पश्चिमको नवलपरासी, रुपन्देही, पाल्पा, कपिलवस्तु, गुल्मी, अर्घाखाँची, प्यूठान, रोल्पा, पूर्वी रुकुम, दाङ्ग, बाँके र बर्दिया गरी १२ जिल्लाहरु समावेश भइ प्रदेश नं ५ बनेको छ ।

यस मन्त्रालयसँग सम्बन्धित क्षेत्रको तथ्याँककीय विवरण निम्नानुसार उल्लेख गरिएको छ (स्रोतः प्रदेश नं ५ को आर्थिक तथा सामाजिक विकासको स्थिति पत्र लगायत) । यस प्रदेशको कुल उत्पादनमा कृषि क्षेत्रले ४५.६ प्रतिशत योगदान दिएर सवभन्दा ठूलो आर्थिक क्षेत्रको रुपमा रहेको छ ।आर्थिक वर्ष २०७२।७३ को कृषि विकास मन्त्रालयको कृषि सम्बन्धी तथ्याङ्कको आधारमा हेर्दा प्रदेश नं ५ धान र तेलहन उत्पादनमा पहिलो नम्बरमा, मकै र आलु उत्पादनमा चौथो नम्बरमा रहेको छ । पशुपालनतर्फ भैसीको संख्यामा प्रदेश नं ५ पहिलो स्थान र गाईपालनमा तेस्रो स्थानमा रहेको छ । दुध र मासु उत्पादनमा तेस्रो स्थानमा र माछा उत्पादनमा दोस्रो स्थानमा रहेको छ । पशुपन्छी उत्पादनमा गत आ.व. सम्म यस प्रदेशमा दुध उत्पादन ३१७३३३ मेट्रिक टन भएको र राष्ट्रीय दुध उत्पादनमा १७ प्रतिशत हिस्सा यस प्रदेशले योगदान दिएको देखिन्छ । साथै मासु उत्पादन ५८६८८ मेट्रिक टन रहेको र राष्ट्रिय उत्पादनमा १८ प्रतिशत योगदान यस प्रदेशले दिएको छ। अण्डाको हकमा यस प्रदेशको गत आ.व. सम्मको उत्पादन १५०१११ हजार गोटा रहेको तथा राष्ट्रिय उत्पादनमा ११ प्रतिशत योगदान दिएको देखिन्छ। यो प्रदेश खाद्यान्न बचत हुने प्रदेशमा पर्दछ तर यस प्रदेशका प्यूठान, बाँके र रोल्पा जिल्ला खाद्यान्न अपुग जिल्लाको रुपमा रहेका छन् । दाङ्ग, बाँके र बर्दियामा केही मात्राका कपास खेती पनि हुने गर्दछ । आर्थिक वर्ष २०७२।७३ मा १२९ मेट्रिक टन उत्पादन भएको थियो । अर्घाखाँची, गुल्मी, पाल्पा, प्यूठानमा कफी उत्पादन हुने गरेको छ । उक्त चार जिल्लामा आर्थिक वर्ष २०७२।७३ मा १०४ मेट्रिक टन कफीका दाना उत्पादन भएको थियो ।

केन्द्रीय तथ्याङ्क विभागको कृषि गणना २०६८ अनुसार यस प्रदेशमा ४,०४,५४१ हेक्टर खेती योग्य जमिन रहेको छ, जुन यस प्रदेशको कुल भूभागको २२.७ प्रतिशत जति हुन आउँछ । यस अनुसार यो प्रदेश नेपालको तेस्रो ठूलो खेती योग्य जमिन भएको प्रदेशको रुपमा रहेको छ ।

केन्द्रीय तथ्याङ्क विभागको कृषि गणना २०६८ अनुसार यस प्रदेशमा ७ हजार कृषि घरपरिवार च्याउखेतीमा, १८ हजार मौरीपालनमा, ६ हजार जति कृषि घरपरिवार माछापालनमा पनि संलग्न छन् । अन्य प्रदेशहरुको तुलनामा च्याउखेतीमा संलग्न घरपरिवारहरु सबैभन्दा धेरै यस प्रदेशमा छन् भने माछापालनमा दोस्रो स्थानमा रहेको छ ।

सहकारी विभागको २०७४ असारसम्मको तथ्याङ्क अनुसार यस प्रदेशमा चार हजार भन्दा बढी सहकारी संस्थाहरु रहेका छन्। यो प्रदेश सहकारी संख्याको हिसाबले चौथो स्थानमा रहेको छ । प्रदेश नं ५ मा संचालित सहकारीहरुमा १० लाख जति सदस्यहरु छन् । ६ हजार जतिले रोजगारी पाएका छन् । यी सहकारीमा कुल रु. ६ अर्व जति शेयर लगानी भएको छ र यी सहकारीहरुले रु. २६ अर्व जति निक्षेप परिचालन गरेका छन् । त्यस्तै, यी सहकारीहरुले रु. ३० अर्व जति ऋण लगानी गरेका छन् । जिल्लागत रुपमा हेर्दा रुपन्देहीमा धेरै जना सहकारीका सदस्य रहेका छन् । शेयर लगानी र निक्षेप परिचालन र ऋण प्रवाहको दृष्टिबाट हेर्दा यस प्रदेशमा रुपन्देही जिल्ला अग्रपंक्तिमा छ । सबैभन्दा कम सहकारी सदस्य भएको जिल्ला रुकुम र रोल्पा जिल्ला रहेका छन् । यसरी यस प्रदेशमा केही जिल्ला बाहेक सहकारी संस्थाहरुको संख्यात्मक र कारोवारगत रुपमा गहकिलो उपस्थिति रहेको छ ।

केन्द्रीय तथ्याङ्क विभागको गरिबी सम्बन्धी तथ्याङ्क अनुसार यस प्रदेशको समग्र गरिबीको दर २५.८ प्रतिशत जति रहेको छ । गरिबीको दरलाई तुलनात्मक रुपमा हेर्दा यो प्रदेश चौथो बढी गरिबी भएको प्रदेशमा पर्दछ । जिल्लागत रुपमा हेर्दा नवलपरासी र रुपन्देहीमा सबभन्दा कम गरिबी रहेको छ । यी जिल्लाहरुका गरिबीको दर १७ प्रतिशतको हाराहारी रहेको छ । सबैभन्दा बढी कपिलवस्तुमा ३५.५ प्रतिशत गरिबी रहेको छ, त्यसपछि प्यूठानमा ३२.२ प्रतिशत गरिबी रहेको छ । अन्य बाँकी जिल्लाहरुको गरिबी २१ प्रतिशत देखि २८ प्रतिशत जति रहेको छ ।

जिल्ला भित्र विभिन्न ठाँउहरुको गरिबीको दरमा भने भिन्नता रहेको छ । गुल्मीमा ३५.६० प्रतिशत सम्म, पाल्पामा ३३.४९ प्रतिशत सम्म, नवलपरासीमा ३४.९५ प्रतिशत सम्म, रुपन्देहीमा ३५.५५ प्रतिशत सम्म, कपिलवस्तुमा ४२.६७ प्रतिशत सम्म, अर्घाखाचीमा ३४.४८ प्रतिशत सम्म, प्यूठानमा ४२.३३ प्रतिशत सम्म, रोल्पामा ४१.७९ प्रतिशत सम्म, रुकुममा ४४.०६ प्रतिशत सम्म, दाङ्गमा ४३.३७ प्रतिशत सम्म, बाँकेमा ५८.४४ प्रतिशत सम्म, र बर्दियामा ४९.५९ प्रतिशत सम्म मानिसहरु गरिबीको रेखामुनी रहेको अनुमान छ ।

## २. दीर्घकालीन सोच-

- कृषि तथा पशुपन्छी पालन क्षेत्रको रूपान्तरणबाट आर्थिक सम्बृद्धि हासिल गर्न सहयोग पु-याउने ।
- कृषि क्षेत्रको विविधीकरण गर्दै आधुनिकीकरण, ब्यवसायीकरण र औद्योगिकीकरण मार्फत समुन्नत प्रदेश निर्माण गर्ने ।
- सहकारीकरणको माध्यमबाट रोजगारी तथा स्वरोजगारी सिर्जना गरी गरिवी निवारणमा टेवा पु-याउने ।
- भूमि प्रशासनलाइ प्रबिधिकरण गर्दै भूमिमा नागरिकको सहज पहुँच बृद्धि गर्दै भूमि ब्यवस्थापनलाई सरलीकरण गर्ने गरी भूमिमा सामाजिक न्याय स्थापना गर्ने ।

## ३. उद्देश्य-

१. कृषि तथा पशुपन्छीजन्य बस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गरी खाद्य सुरक्षाको प्रत्याभूति गर्दै गरिबी न्यूनीकरण गर्ने।

२. मागमा आधारित उत्पादनलाइ प्राथमिकता दिने ।

३. कृषि जैविक विविधता तथा वातावरणको संरक्षण, सम्वर्द्धन तथा दीगो रुपमा उपयोग गर्ने ।

४. सहकारीको लगानी उत्पादनशील क्षेत्रमा लगाउन उत्प्रेरित गर्ने ।

५. भूमिको बैज्ञानिक ब्यबस्थापन गर्ने ।

## ४. रणनीतिहरु-

१. ब्यबसायिकरण, यान्त्रिकरण तथा बजारीकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने र प्रतिस्पर्धी क्षमता बढाउने ।

२. तुलनात्मक लाभका तथा स्थानीय कृषि तथा पशुपन्छीजन्य वाली बस्तुहरुको उत्पादनमा बृद्धि गरी आत्मनिर्भरता हासिल गर्ने, आयात प्रतिस्थापन गर्ने र निर्यात प्रवर्द्धन गर्नमा जोड दिने ।

३. पोषण तथा खाद्य सुरक्षाको सुनिश्चितता गर्न कृषि तथा पशुपन्छीजन्य ब्यबसायलाई विविधीकरण गर्ने।

४. जलवायु परिवर्तन र प्राकृतिक प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रबिधीको विकास र विस्तार गर्ने ।

५.	कृषि प्रबिधी प्रसार सेवामा आम नागरिकको पहुँच विस्तार गर्न सहजिकरण गर्ने ।

६.	कृषि अनुदान कोष मार्फत कृषिको ब्यबसायिकरणमा जोड दिने ।

७.	सहकारी विकास कोष मार्फत सहकारीको विकास र सवलीकरणमा टेवा पुर्याउने ।

८.	कृषि उपज बजार ब्यबस्थापनमा सहकारीको भूमिका सबल बनाउने ।

९.	भूमि बैक, चक्लाबन्दी, करार खेती  र सहकारी खेतीलाइ जोड दिने ।

## ५. कार्यक्षेत्र-

प्रदेश सरकार (कार्य बिभाजन) नियमावली २०७४ ले यस मन्त्रालयको कार्यक्षेत्र देहाय अनुसार उल्लेख गरेको छ ।

**७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

| सि.नं. | कार्यजिम्मेवारी |
|---|---|
| १ | कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | कृषि तथा पशुपंछीजन्य रोग, किरा एवं महामारी नियन्त्रण |
| ३ | कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन |
| ४ | कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार |
| ५ | कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन |
| ६ | कृषिउपज, कृषिजन्य बस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन |
| ७ | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर |
| ८ | कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्वन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण |
| ९ | कृषि मल, बिऊ र बिषादी आपूर्ति व्यवस्था र नियमन |
| १० | कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण |
| ११ | कृषिउपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन |
| १२ | कृषि तथा पशुपन्छी बीमा सम्वन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन |
| १३ | कृषि बजार, पूर्वाधार र कृषिफार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन |
| १४ | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन |
| १५ | सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रबर्द्धन |
| १६ | चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन |
| १७ | कृषिजन्य र पशुपन्छीजन्य औषधि, बिषादि र सूक्ष्म पोषणतत्वयुक्त बस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन |
| १८ | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू–उपयोग तथा चक्लाबन्दी |


| | |
|---|---|
| | सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन |
| १९ | निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन |
| २० | जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाणपुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| २१ | संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन |
| २२ | नाप नक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना |
| २३ | क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्वन्धी मापदण्ड र कार्यान्वयन |
| २४ | भूमिहिन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २५ | सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २६ | सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन |
| २७ | गुठी तथा गुठीजग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय |
| २८ | गरिवी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरिब घरपरिवार पहिचान सामाजिक सुरक्षा र संरक्षण |
| २९ | सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानुन तथ मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| ३० | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन |
| ३१ | कृषि तथा सहकारी सम्बन्धमा संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका संघ संस्थासँ समन्वय र सहकार्य |
| ३२ | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन |

## ६.कानूनी व्यवस्थाहरु-

नेपालको संविधान र प्रदेश सरकार (कार्य बिभाजन) नियमावली २०७४ यस मन्त्रालय सचालनका प्रमुख कानुनी आधार हुन । यस मन्त्रालयसंग सम्बन्धित प्रदेशस्तरीय कृषि, पशुपंछी, भूमि तथा सहकारी सम्बन्धी कानूनहरु निर्माण गर्ने क्रममा रहेको छ ।

## ७.संगठन संरचना-

नेपाल सरकार (मन्त्रीपरिषद) बाट स्वीकृत यस मन्त्रालयको संगठन संरचना तपसिल अनुसार रहेको छ ।



**८.आ.व.२०७४/०७५मा सम्पादन भएका मुख्य-मुख्य कार्यहरु-**

१) मन्त्रालय गठन भई संचालन भएको ।

२) ऐनका मस्यौदा निर्माणः प्रादेशिक मल ऐन २०७५ को मस्यौदा प्रदेश कानून मस्यौदा तर्जुमा तथा सुझाब आयोगमा पठाईएको, बिउविजन, बिषादी र सहकारी ऐनका मस्यौदा तयार भएका ।

३) कार्यबिधि निर्माणः

क) कृषि अनुदान कोष, सहकारी विकास कोषका कार्यबिधि निर्माण क्रममा रहेको ।

ख) रासायनिक बिषादीको विकल्प अध्ययन सुरु भएको ।

ग) कृषिमा यान्त्रिकरणको अवस्था र सम्भाव्यता अध्ययनको कार्यबिधि तयार भएको ।

४) अन्तर्क्रिया तथा छलफल कार्यक्रमः

क) गुल्मी, पाल्पा, दाङ् र बर्दिया गरी चार जिल्लामा स्थानीय सरोकारवालाहरुसँग र बिभिन्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका सरोकारवालाहरुसँग मन्त्रालयसँग सम्बन्धित विषयमा नीति निर्माण तथा कार्यक्रम निर्माण र सहकार्य सम्बन्धमा अन्तर्क्रिया गरी सुझाब संकलन गरिएको ।

ख) बाह्र वटै जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्नु हुने माननीय प्रदेश सभा सदस्यज्यूहरुसँग यस मन्त्रालयका माननीय मन्त्रीज्यूको कार्यकक्षमा अन्तक्रिया गरी आगामी आ.ब.२०७५।७६ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा सुझाब संकलन गरिएको ।

५) कृषि, पशुपन्छी, भूमि तथा सहकारी सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन, बिश्लेषण कार्य जारी रहेको,

६) बिबिधः

क) अन्तरमन्त्रालय समन्वय र सहकार्य गरिएको ।

ख) प्रबक्ता तोकिएको, सूचना अधिकारी तोकिएको ।

ग) मन्त्रालयमा सिसिटिभि जडान भएको, वेव साईट निर्माण भएको र सोलार सिस्टम जडान गरिएको।

**९.आ.व.२०७४/०७५ को बजेट वक्तब्यमा उल्लेखित नीति तथा कार्यक्रमहरुको २०७५ जेष्ठ १५ सम्मको प्रगति-**

| ब.व.का बुँदा नं. | लिइएको नीति तथा कार्यक्रम | २०७५ जेष्ठ १५ सम्मको प्रगति |
|---|---|---|
| ३९ | सहकारी विकास कोष स्थापना | कार्यविधि तयार हुने क्रममा रहेको |
| ४० | कृषि अनुदान कोष | कार्यविधि तयार हुने क्रममा रहेको |
| ४२ | कृषि तथा पशुजन्य उत्पादनको बजारीकरण मार्फत टेवा पुर्‍याउने | हाल कार्यक्रम नरहेको |
| ४३ | कृषि यान्त्रीकरणको अवस्था तथा सम्भावना अध्ययन कार्यक्रम | अध्ययन कार्यक्रम थालनी भएको |
| ४४ | रासायनिक विषादीको विकल्पको उपलब्धता अध्ययन कार्यक्रम | अध्ययन् कार्यक्रम थालनी भएको |
| ४५ | भविष्यमा उत्पादन तथा प्रशोधन कार्यक्रममा जोड दिने | हाल कार्यक्रम नरहेको |
| ४९ | आगामी वर्षमा पुष्प विकास फार्म तथा नर्सरी प्रवर्द्धन कार्यक्रममा जोड दिने छ | - |
| ५३ | शीत भण्डार स्थापना अध्ययन् कार्यक्रम | प्रकृयामा रहेको |

**१०. आ.व.२०७४/०७५ मा बिनियोजित बजेट तथा २०७५ जेष्ठ १५ सम्मको वित्तीय प्रगति-**

**चालु खर्च-** **रकम रु हजारमा**

| ब.उ.शी.नं. | मन्त्रालयको नाम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ७०५३५३११३ | भूमि व्यवस्था, कृषि तथा सहकारी | ३९५०० | ३५७७.६४४९ | ९.०५ |

**पुँजीगत खर्च-** **रकम रु हजारमा**

| ब.उ.शी.नं. | मन्त्रालयको नाम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ७०५३५३११४ | भूमि व्यवस्था, कृषि तथा सहकारी | १०५०० | १५४८.७२५ | १४.७५ |

# भौतिक पूर्वाधार विकास मन्त्रालय

## १.पृष्ठभूमी

नेपालको संविधान अनुसार संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिको कार्यान्वयन गर्ने क्रममा यस प्रदेश अन्तर्गत मिति २०७४/१०/१९ मा भौतिक पूर्वाधार विकास मन्त्रालयको स्थापना भएको हो । हाल यो मन्त्रालय बुटवल दरवार लाइनमा अवस्थित छ । हाल एक जना मन्त्री, एक जना सचिव सहित जम्मा २४ जना कर्मचारीहरु( मन्त्रीज्यूको स्वकीय सचिवालय समेत ) कार्यरत रहेको यस मन्त्रालयको दरवन्दी संरचना तथा कार्यान्वयन इकाइहरुको सन्दर्भमा अन्तिम टुङ्गो लाग्न बाँकि छ । यसै विच नेपाल सरकार मन्त्रीपरिषद्को २०७५/०२/०६ को निर्णयअनुसार यस मन्त्रालयमा ६ वटा महाशाखा सहित कुल ५५ जना विभिन्न तहका कर्मचारी रहने गरी संगठन संरचना तथा दरवन्दी विवरण सहितको प्रतिवेदन सिफारिस भै आएको छ ।

## २.दीर्घकालिन सोच

राष्ट्रिय एकिकरणमा टेवा पुग्ने गरी प्रदेश स्तरमा आर्थिक सामाजिक विकास, गरिबी निवारण र दिगो शान्तीको लागि स्तरीय, भरपर्दो, सुलभ र सुरक्षित भौतिक पूर्वाधारहरुको विकास र विस्तार गर्ने ।

## ३.उद्धेश्य

प्रदेशको भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई परिपुरक हुने गरी विभिन्न भौतिक पूर्वाधारहरुको निर्माणबाट आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुर्याउन सडक, पुल, सिंचाई, खानेपानी, उर्जा, आवास, भवन तथा शहरी विकास जस्ता भौतिक पूर्वाधारहरुको समष्टिगत विकास, विस्तार, प्रवर्द्धन तथा सम्वर्द्धन गर्नुका साथै प्रदेश स्तरमा भरपर्दो यातायात व्यवस्थापन गर्ने ।

## ४.रणनितीहरु

- प्रदेशका स्थानीय तहहरुको पहुँच र आर्थिक बृद्धिलाई योगदान पुग्ने गरी भौतिक पूर्वाधारहरुको विकास, विस्तार र सुदृढिकरण गर्ने ।
- भौतिक पूर्वाधारको विकासलाई रोजगारीका अवसर सिर्जना गर्न माध्यमको रुपमा प्रयोग गर्ने ।
- भौतिक पूर्वाधारको विकासलाई नागरीक एवं वातावरण मैत्री बनाउने।
- विपन्न र सिमान्तकृत वर्ग तथा जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायति र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गर्ने ।

- सवै प्रकारका विपद जोखिम न्यूनीकरण हुने गरी पूर्वाधार हरुको विकास र विस्तार गर्ने
- शहर गाउँ अन्तर सम्वन्धलाई सुदृढिकरण गर्ने गरी पूर्वाधारहरुको विकास र विस्तार गर्ने ।
- स्थानीय श्रम शिप स्रोत साधन र प्रविधिको उपयोगलाई प्राथमिकता दिई जनसहभागिता र जनस्वामित्वमा पूर्वाधारहरुको विकास गर्ने ।

**५.कार्यक्षेत्र**

(क) सडक तथा यातायात

- प्रदेश स्तरका लोकमार्गहरु
- साविकमा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट भइरहेका सम्पूर्ण कार्यहरु (संरचाना समेत)
- दुई वा दुईभन्दा बढी स्थानीय तह भएर जाने सडकहरु (ग्रामीण र कृषि सडक समेत)
- झोलुङ्गे पुल
- यातायात तथा सडक सुरक्षा सुदृढीकरण
- यातायात व्यवस्थापन

(ख) सिंचाई

- मझौला प्रकृतिका आयोजना (तराई-मधेशमा २०० हेक्टर देखि १०,००० हेक्टरसम्म र हिमाल पहाडमा ५० हेक्टर देखि १००० हेक्टरसम्म) आयोजनाहरुको अध्ययन, अनुसन्धान, गुरुयोजना तथा निर्माण ।
- एकभन्दा बढी स्थानीय तहसँग सम्बन्धित सिंचाइ आयोजनाहरुको निर्माण तथा समन्वय ।
- तराई-मधेशमा २००० हेक्टर देखी २०,००० हेक्टरसम्म सिंचित क्षेत्र भएका सिंचाइ आयोजनाहरुको मर्मत सम्भार तथा व्यवस्थापन ।
- भूमिगत जल सिंचाइ अन्तरगत मेशिन ड्रिल टयूववेल तथा डिप टयूववेल सिंचाइ योजनाहरु तथा टयूववेल योजनाको मर्मत तथा व्यवस्थापन ।

(ग) जल उत्पन्न प्रकोप व्यवस्थापन

- मझौला प्रकृतिका नदीहरु (महाभारत पहाड र चुरे पहाडबाट उद्गम भई बग्ने नदी) नियन्त्रण/व्यवस्थापन ।
- लम्बाइ १०० देखी २०० मिटरसम्म, फेदको चौडाइ ५० देखि १०० मिटर तथा कुल क्षेत्र ५००० देखि २०,००० वर्ग मिटर सम्मका पहिरो नियन्त्रण तथा व्यवस्थापन ।

(घ) खानेपानी तथा सरसफाई

- प्रदेशस्तरका आधारभूत खानेपानी उत्पादन, प्रशोधन र वितरणसम्वन्धी कार्यहरु ।
- तराई-मधेशमा १० हजार देखी ५० हजार, पहाडमा १० हजारदेखी २५ हजार र हिमालमा २ हजारदेखी ५ हजार सम्मको जनसंख्यालाई खानेपानी सेवा पुर्यापउने आयोजना ।
- फोहोरमैला व्यवस्थापन र प्रशोधनका कार्यहरु ।
- एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजनाहरु ।

(ङ) उर्जा

- प्रदेश स्तरीय जलविद्युत आयोजनाहरुको निर्माण तथा सञ्चालन ।
- ११ के.भी. सम्मका प्रसारण लाइन निर्माण र व्यवस्थापन ।
- ग्रामीण तथा सामुदायिक विद्युतीकरण ।


(च) आवास, भवन तथा शहरी विकास

- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, शहरी पुर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार ।
- प्रदेशभित्रको आवास तथा भवन सम्वन्धी योजनाहरुको कार्यान्वयन र मार्गनिर्देशन ।
- प्रादेशिक राजधानी र अन्तर स्थानीय सहरको योजना तर्जुमा, कार्यान्वयन तथा संयोजन ।
- लक्षित आवास कार्यक्रमको नीति, योजना र कार्यान्वयन ।
- एकीकृत बस्ती विकास ।
- प्रदेश तहका सरकारी भवन निर्माण तथा मर्मत सम्भार।

**६.कानुनी व्यवस्थाहरु**

- नेपालको संविधान अनुसुची ६ (प्रदेशको एकल अधिकार), अनुसुची ७ (संघ र प्रदेश) अनुसुची ९ (संघ, प्रदेश र स्थानीय तहका साझा अधिकार),
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४,
- प्रदेश नं. ५ प्रदेश सरकार (कार्य सम्पादन नियमावली) २०७४,
- स्थानीय सरकार संचालन ऐन २०७४,
- संघ प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्यविस्तृतीकरण,
- प्रदेश सरकारबाट निर्माण हुने अन्य कानुनहरु ।

## ७.संगठन संरचना



अनुसूची-६.१
प्रदेश सरकार
.......प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालयको संगठन संरचना
मन्त्री
निजी सचिवालय
शा.अ.(रा.प.तृ./प्र./सा.प्र.)-१,
ना.सु.(रा.प.अनं.प्र./प्र/सा.प्र.)-१
प्रदेश सचिव
रा.प.प्रथम(इन्जिनियरिङ समूहकृत नहुने)- १
ना.सु.(रा.प.तृ./प्र/सा.प्र.)- १
प्रशासन, योजना तथा अनुगमन महाशाखा
उपसचिव(रा.प.द्वि./प्र./सा.प्र.)-१
जनशक्ति व्यवस्थापन शाखा
शाखा अधिकृत(रा.प.तृ./प्र./सा.प्र)-१
ना.सु.(रा.प.अनं. प्र./प्र./सा.प्र)- २
क.अ.(रा.प.अनं.प्र./विविध)-१
खरिदार(रा.प.अनं. द्वि./प्र.सा.प्र.)-१
ह.स.चा.,श्रेणीविहीन- ४
का.स., श्रेणीविहीन- ५
आर्थिक प्रशासन शाखा
लेखा अधिकृत (रा.प.तृ./प्र./ले.)-१
स.ले.पा. (रा.प.अनं.द्वि./प्र./ले.)-१
कानून शाखा
कानून अधिकृत
(रा.प.तृ/न्या./का.)-१
जलस्रोत तथा उर्जा विकास महाशाखा
सिडिई(रा.प.द्वि./इन्जि./हा.पा./इरि.)-१
उर्जा विकास शाखा
इन्जिनियर(रा.प.तृ/इन्जि./हा.पा.)-२
अनुमतिपत्र तथा नियमन शाखा
इन्जिनियर(रा.प.तृ/इन्जि./हा.पा.)-१
सिंचाई तथा जलउत्पन्न प्रकोप व्यवस्थापन शाखा
इन्जिनियर(रा.प.तृ/इन्जि./इरि.)-२
योजना तथा अनुगमन शाखा
इन्जिनियर(रा.प.तृ/इन्जि./हा.पा.)-१
इन्जिनियर(रा.प.तृ/ इन्जि./वि.एण्ड आ.)-१
इन्जिनियर(रा.प.तृ/इन्जि./मि./हा.)-१
इन्जिनियर(रा.प.तृ/इन्जि./सि./स्या.)-१
इन्जिनियर(रा.प.तृ/इन्जि./सि./जन.)-१
इन्जिनियर(रा.प.तृ/इन्जि./इरि.)-१
आवास, भवन तथा शहरी विकास महाशाखा
सिडिई(रा.प.द्वि./इन्जि./वि.एण्ड आ.)-१
शहरी विकास तथा भौतिक योजना शाखा
इन्जिनियर(रा.प.तृ/इन्जि./वि.एण्ड आ.)-२
आवास तथा भवन शाखा
इन्जिनियर(रा.प.तृ/ इन्जि./वि. एण्ड आ.)-२
ग्रामिण सडक महाशाखा
सिडिई(रा.प.द्वि./इन्जि./हि./ज.)-१
ग्रामिण सडक शाखा
इन्जिनियर(रा.प.तृ/इन्जि./सि./हा.)-१
इन्जिनियर(रा.प.तृ/इन्जि./सि./ज.)-१
झोलुंगे पुल शाखा
इन्जिनियर(रा.प.तृ/इन्जि./सि./जन.)-१
प्रादेशिक सडक तथा यातायात व्यवस्था महाशाखा
सिडिई(रा.प.द्वि./इन्जि./सि./हा.)-१
सडक पुल शाखा
इन्जिनियर(रा.प.तृ/इन्जि./सि./हा.)-२
प्रादेशिक सडक शाखा
इन्जिनियर(रा.प.तृ/इन्जि./सि./हा.)-२
यातायात व्यवस्था शाखा
शा.अ.(रा.प.तृ/प्रशासन/सा.प्र.)-२
खानेपानी तथा सरसफाई महाशाखा
सिडिई(रा.प.द्वि./इन्जि./सि./स्या.)-१
खानेपानी शाखा
इन्जिनियर(रा.प.तृ/इन्जि./सि./स्या.)-३
ढल निकास तथा सरसफाई शाखा
इन्जिनियर(रा.प.तृ/इन्जि./सि./स्या.)-२
नेपाल सरकार
सिंहदरबार, काठमाडौं
सचिव

अनुसूची-६.२

## प्रदेश सरकार

## .......प्रदेश

### भौतिक पूर्वाधार विकास मन्त्रालयको दरबन्दी तेरिज

| क्र.सं. | पद | सेवा | समूह | उपसमूह | श्रेणी/तह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | इन्जिनियरिङ |  |  | रा.प.प्रथम | १ |  |
| २ | उपसचिव | नेपाल प्रशासन | सामान्य प्रशासन |  | रा.प.द्वितीय | १ |  |
| ३ | सि.डि.ई. | इन्जिनियरिङ | सिभिल | हा.पा./इरिगेशन | रा.प.द्वितीय | १ |  |
| ४ | सि.डि.ई. | इन्जिनियरिङ | सिभिल | बि.एण्ड आर. | रा.प.द्वितीय | १ |  |
| ५ | सि.डि.ई. | इन्जिनियरिङ | सिभिल | जनरल | रा.प.द्वितीय | १ |  |
| ६ | सि.डि.ई. | इन्जिनियरिङ | सिभिल | हाईवे | रा.प.द्वितीय | १ |  |
| ७ | सि.डि.ई. | इन्जिनियरिङ | सिभिल | स्यानिटरी | रा.प.द्वितीय | १ |  |
| ८ | शाखा अधिकृत | प्रशासन | सामान्य प्रशासन |  | रा.प.तृतीय | ४ |  |
| ९ | लेखा अधिकृत | प्रशासन | लेखा |  | रा.प.तृतीय | १ |  |
| १० | कानून अधिकृत | न्याय | कानून |  | रा.प.तृतीय | १ |  |
| ११ | इन्जिनियर | इन्जिनियरिङ | सिभिल | हा.पा. | रा.प.तृतीय | ३ |  |
| १२ | इन्जिनियर | इन्जिनियरिङ | सिभिल | बि.एण्ड आर. | रा.प.तृतीय | ५ |  |
| १३ | इन्जिनियर | इन्जिनियरिङ | सिभिल | इरिगेसन | रा.प.तृतीय | ३ |  |
| १४ | इन्जिनियर | इन्जिनियरिङ | सिभिल | जनरल | रा.प.तृतीय | ३ |  |
| १५ | इन्जिनियर | इन्जिनियरिङ | सिभिल | हाईवे | रा.प.तृतीय | ६ |  |
| १६ | इन्जिनियर | इन्जिनियरिङ | सिभिल | स्यानिटरी | रा.प.तृतीय | ६ |  |
| १७ | नायब सुब्बा | प्रशासन | सामान्य प्रशासन |  | रा.प.अनं.प्रथम | ४ |  |
| १८ | कम्प्युटर अपरेटर | विविध |  |  | रा.प.अनं.प्रथम | १ |  |
| १९ | खरिदार | प्रशासन | सामान्य प्रशासन |  | रा.प.अनं.द्वितीय | १ |  |
| २० | सह-लेखापाल | प्रशासन | लेखा |  | रा.प.अनं.द्वितीय | १ |  |
| २१ | हलुका सवारी चालक |  |  |  | श्रेणीविहीन | ४ |  |
| २२ | कार्यालय सहयोगी |  |  |  | श्रेणीविहीन | ५ |  |
|  | जम्मा |  |  |  |  | ५५ |  |

नेपाल सरकार

सचिव

विभाग तथा अन्य कार्यान्वयन इकाईहरुको बारेमा निर्णय प्रकृयामा रहेको ।

**८.आ.ब. ०७४/७५ जेष्ठ १५ सम्मको सम्पादन भएका मुख्य मुख्य कार्यहरु**

- प्रदेश मन्त्रालय स्थापना र व्यवस्थापन कार्य ।
- मन्त्री तथा सचिव ज्यूहरुको आवास व्यवस्थापन कार्य ।
- प्रदेश भित्रका विभिन्न स्थानमा रहेका विभिन्न समस्याहरुको सम्भाव्य प्राविधिक समाधानको लागि स्थलगत निरीक्षण गरिएको ।उक्त स्थलगत निरिक्षणहरुको विवरण :
- Feeder Roadहरुको अवस्था पहिचान गर्नको लागि पाल्पा, गुल्मी, दाङ, बाँके जिल्लाहरुको स्थलगत निरिक्षण ।
- सघन खानेपानी समस्या भएको कोइलावास क्षेत्रमा स्थलगत अनुगमन पस्चात पहिले गरिएको डिप बोरिङ भन्दा थप गहिराइमा Reo Test गर्नुपर्ने देखीयो ।
- १२ वटै जिल्लाका स्थानीय सडकहरुको अवस्था सम्वन्धी तत्थ्याङ्क संकलन ।
- स्थानीय तहहरुका केन्द्र सम्म राजमार्ग र सहायक राजमार्गबाट सडकको दुरी, सडकको प्रकृति (कालोपत्रे, ग्राभेल र कच्ची) तथा पहुँच नै नभएका स्थानीय तहहरुको पहिचान तथा लगत संकलन गर्ने कार्य सम्पन्न गरियो । जसबाट प्राप्त तत्थ्याङ्क अनुसार कुल १०९ वटा स्थानीय तहहरुलाई नजिकको राजमार्ग तथा सहायक राजमार्गहरु संग जोड्नआवस्यक पर्ने कुल ८०१.५५ कि.मी. सडक मध्ये ३५० कि.मी. कालोपत्रे, १६२.६ कि.मी. ग्राभेल तथा २५३.७ कि.मी. कच्ची हालतमा रहेको । पूर्वी रुकुमको पुथा उत्तरगंगा गाउँपालिकासम्म कच्ची सडक पनि निर्माण भै नसकेको ।
- यस प्रदेश अन्तर्गत चालु आ.व. मा नेपाल सरकारका विषयगत मन्त्रालय विभाग र अन्तर्गतका कार्यालयहरुबाट संचालित आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति तथा संलग्न निर्माण व्यवसायीको विवरण खुल्ने गरी विस्तृत विवरण संकलन ।जसबाट प्राप्त तत्थ्याङ्क निम्न प्रकार रहेको छ ।

| सि.नं. | विषयगत क्षेत्र | संचालित आयोजना संख्या | सरदर भौतिक प्रगति | आयोजनाहरुको कुल ठेक्का रकम (करोडमा) |
|---|---|---|---|---|
| १ | सडक तथा यातायात क्षेत्र | ५८८ | २६.५% | ४५८१ |
| २ | जलश्रोत तथा उर्जा क्षेत्र | १४०७ | ६९.७% | ६९१ |
| ३ | आवास, भवन तथा शहरी विकास क्षेत्र | ३०७ | ७३% | ४४४ |

- नेपाल सरकारका भौतिक पूर्वाधार विकास सम्वन्धी काम गर्ने मन्त्रालय/विभाग तथा अन्तर्गतका कार्यालयहरुबाट तयार गरिएका DPR हरुको List संकलन गरिएको ।जसबाट प्राप्त तत्थ्याङ्क अनुसार हालसम्म सडक तथा यातायात क्षेत्रमा २७१ वटा DPR भैसकेको तथा जलश्रोत तथा उर्जा क्षेत्रमा ५७५ वटा DPR भैसकेको विवरण प्राप्त भयो ।
- बुटवल स्थित सडक डिभिजन कार्यालय, बुटवल धागो कारखाना, सेक्टर वन कार्यालय, पुरानो अञ्चलाधिश परिसरमा रहेका भवनहरु तथा बुटवल टेक्नीकल इन्स्टिच्यूटको आवास परिसरमा रहेका भवनहरुको भौतिक अवस्था र यी कार्यालयहरुले चर्चेको जग्गाको विवरण सहितको प्रतिवेदन तयार गरिएको ।
- प्रदेश कार्यालय व्यवस्थापन सहयोग समिति मार्फत विभिन्न मन्त्रालय/कार्यालयहरु उपयुक्त व्यवस्थापन हुने गरी भौतिक संरचनाको व्यवस्थापन सम्बन्धि प्रतिवेदन तयार गरी माननीय मन्त्री ज्यु समक्ष पेश गरिएको ।
- प्रदेश भित्र सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरुको कार्यप्रगति तथा वर्तमान अवस्थाका बारेमा अध्ययन गरी प्रतिवेदन तयार गरिएको ।
- प्रदेश कार्यालय व्यवस्थापनको लागि जनकपुर चुरोट कारखानाको भवन तथा सडक विभाग परिसरमा भएको आवास मर्मत कार्य शुरु गरिएको ।
- प्रदेश नं. ५ को प्रवेश द्वार निर्माणको लागि अध्ययन, डिजाईन,Drawing, Estimate गर्न कन्सल्टेन्ट छनोटको प्रक्रिया अगाडि बढाइएको ।

**९.आ.ब. २०७५/०७६ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०७५ ज्येष्ठ १५ गतेसम्मको प्रगति विवरण**

| ब.व.का बुँदा नं. | लिइएको नीति तथा कार्यक्रम | २०७५ ज्येष्ठ १५ गतेसम्मको प्रगति |
|---|---|---|
| ३१ | रुपन्देही एवं पाल्पा जिल्लाकव सीमानामा पर्ने सिद्धबाबा क्षेत्रको सिद्धार्थ राजमार्गमा पहिरोको कारणले वर्षेनी हुने धनजनको क्षतिलाई न्यूनीकरणका लागि उपयुक्त विकल्पको पहिचान गरी आवश्यक कार्य अघि बढाइनेछ । | यातायात व्यवस्थापन सम्वन्धी विज्ञको सहयोग लिई प्रारम्भिक कार्य अगाडी बढाइएको । |
| ३२ | प्रदेशमा संचालित केन्द्रीयस्तरका र राष्ट्रिय गौरवका आयोजना लगायत संचालनमा रहेका अन्य आयोजनाहरुको सहज कार्यान्वयन र समयमै सम्पन्न गर्न अनुगमन लगायतका काम समेत संघीय सरकारसँग समन्वय गरी गरीनेछ । | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका प्रशासन हेर्ने सचिव ज्यू को अध्यक्षतामा अन्तर मन्त्रालय स्तरको समिति गठन भै यस्ता आयोजनाको वर्तमान अवस्था, कार्य |

| | | |
|---|---|---|
| | | प्रगति लगायतको तत्थ्याङ्क विवरण संकलन, अध्ययन, स्थलगत निरीक्षण समेत गरी प्रतिवेदन तयार गरी पेश गरिएको । |
| ३३ | महाभारत श्रृंखलामा पर्वतीय पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रादेशिक पहाडी लोकमार्गको अबधारणा अघि बढाइनेछ । पहाडी जिल्लाका सदरमुकाम जोड्ने मार्गहरुलाई दुई लेनको कालोपत्रे स्तर (Black Top Double Lane Standard) को बनाइने नीति लिइनेछ ।त्रिवेणी सुस्तादेखी राजापुरसम्मको हुलाकी राजमार्ग निर्माण कार्य समयमै सम्पन्न गर्न पहल गरिनेछ । | सम्वन्धित निकायसंग छलफल गर्ने र तत्थ्याङ्क संकलन गर्ने कार्य सम्पन्न गरिएको । प्रादेशिक सरकारको कार्यक्षेत्र स्पष्ट नभैसकेको साथै केन्द्रबाट हस्तानान्तरण हुन ढिलाई भएकोले अन्य कार्य अगाडी बढाउन नसकिएको । |
| ३४ | प्रत्येक स्थानीय तहका केन्द्रहरुलाई मोटरबाटोले जोड्ने पहूँच मार्ग निर्माण कार्य अघि बढाइनेछ । | स्थानीय तहहरुका केन्द्र सम्म राजमार्ग र सहायक राजमार्गबाट सडकको दुरी, सडकको प्रकृति (कालोपत्रे, ग्राभेल र कच्ची) तथा पहुँच नै नभएका स्थानीय तहहरुको पहिचान तथा लागत संकलन गर्ने कार्य सम्पन्न गरियो । जसबाट प्राप्त तत्थ्याङ्क अनुसार कुल १०९ वटा स्थानीय तहहरुलाई नजिकको राजमार्ग तथा सहायक राजमार्ग हरु संग जोड्न कुल ८०१.५५ कि.मी. सडक आवस्यक पर्ने जस मध्ये ३५० कि.मी. सडक कालोपत्रे, १६२.६ कि.मी. ग्राभेल तथा २५३.७ कि.मी. कच्ची हालतमा रहेको । पूर्वी रुकुमको पुथा उत्तरगंगा गाउँपालिकासम्म कच्ची सडक पनि निर्माण भै नसकेको । |
| ३५ | शहरी जनसंख्याको वृद्धिदरलाई ध्यानमा राखी दिर्घकालिन योजना सहितको तीन महानगरको स्थापना गरी समग्र प्रदेशको आर्थिक सामाजिक विकासको रणनीति अवलम्वन गरिनेछ ।मेडिकल सिटी, ऐतिहासि, औद्योगिक, शैक्षिक, पर्यटकिय जस्ता पहिचानको | प्रत्येक जिल्लास्थित सरोकारवाला कार्यालय/निकायसँग छलफल गर्ने र तत्थ्याङ्क संकलन गर्ने कार्य गरिएको ।प्रदेश कार्यालय व्यवस्थापन सहयोग सिमति गठन भै सो सिमतिको |

| | | |
|---|---|---|
| | आधारमा शहरहरुको विकास गर्ने नीति लिइनेछ । शहर र गाउँको अन्तरसम्वन्ध मजवुद गर्दै ब्यवस्थित र समृद्ध गाउँहरु निर्माण गर्ने व्यवस्था मिलाइनेछ । प्रदेश राजधानीमा शहरी पूर्वाधारको विकास गरिनेछ । | सिफारिस बमोजिम मन्त्रालय/आवास व्यवस्थापनका कार्यहरु भैरहेको । |
| ३६ | शुद्ध खानेपानी तथा आधारभुत सरसफाई,भरपर्दो विद्युत र सञ्चार सुविधामा नागरिकको पहुँच अभिबृद्धि गरिनेछ । | सम्वन्धित कार्यालय/निकाय तथा सरोकारवालासँग छलफल गरीएको, तत्थ्याङ्क संकलन गरिएको । |
| ३७ | सिंचित क्षेत्र बिस्तार गरी वर्षैभरी सिंचाई सेवा उपलब्ध गराउन सिंचाईका सम्भाव्य सबै प्रविधि र प्रणालीको विकास गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ । भेरी बबई डाइभर्सन, सिक्टा र वड्कापथ सिंचाई आयोजनाको कार्यान्वयनमा जोड दिइनेछ । कालिगण्डकी तिनाउ डाइभर्सन, दाङको गुहार खोला र कटुवा खोला तथा कपिलवस्तुको सुराईनाका सिंचिई योग्य जमिनमा स्यालो ट्यूववेल र पहाडी जिल्लाका लागि वैकल्पिक सिंचाइ प्रणालीको विकासको नीति लिइनेछ । | सम्वन्धित कार्यालय/निकाय तथा सरोकारवालासँग छलफल गरिएको, तत्थ्याङ्क संकलन गरिएको । |
| हाल प्रगती हासि भै नसकेका नीति तथा कार्यक्रममा उठान भएका विषयहरुको सम्वन्धमा आगामी बर्षको नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिनेछ । | | |

## १०.०७५/०२/१५ सम्मको वित्तिय प्रगति

(रु हजारमा)

| बजेट उ.शि.नं. | मन्त्रालय/निकाय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ७०५३६३११३ | चालु खर्च | ६२८०० | १७३२.७८ | २.७६ |
| ७०५३६३११४ | पूजिगत खर्च | २४२५० | २०१२.५८ | ८.३ |

# सामाजिक विकास मन्त्रालय

## १.पृष्ठभुमि

नेपालको संविधान २०७२ मा नेपालको शासकिय स्वरुपलाई संघ, प्रदेश र स्थानिय गरी तीन तहमा बाँडफाँट गरी संचालन गरिने भनी उल्लेख भए बमोजिम प्रदेश सरकार गठन भएको छ । प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४ ले यस मन्त्रालयलाई मुलत प्रदेश नं. ५ भित्र शिक्षा, स्वास्थ्य, युवा, खेलकुद, महिला, बालबालिका तथा सामाजिक सुरक्षा, श्रम, रोजगार, भाषा, संस्कृति, सम्पदा संरक्षण र सरसफाईका क्षेत्रहरुमा काम गर्न जिम्मेवारी तोके सँगै २०७४ साल माघदेखि नै यस मन्त्रालय स्थापना भई संचालनको क्रममा रहेको छ ।

नेपालको संविधानले शिक्षा र स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यसैगरीसबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनेर आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्दै स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने राज्यको दायित्व रहेको विषय प्रष्ट पारिएको छ ।शिक्षा प्रणालीलाई आर्थिक सामाजिक रूपान्तरणको संवाहकका रूपमा विकास गर्ने, सबै तह एवम् विधाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवम् व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी आर्थिक सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ शिक्षा क्षेत्रका नीति तथा कार्यक्रमहरू उन्मुख रहेका छन् ।नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ ।

युवालाई सर्वाङ्गीण राष्ट्र निर्माणको संवाहक बनाउनका साथै स्वस्थ तथा अनुशासित नागरिक र समाजको सृजना गर्न खेलकुदलाई प्रमुख आधारको रूपमा लिइन्छ । राष्ट्रको प्रतिष्ठा वृद्धि गर्ने र विभिन्न सम्प्रदाय, भाषा तथा संस्कृति एवम् समुदायबीच एकता कायम गरी राष्ट्रिय विकासको अभियानमा एकजुट बनाउन खेलकुदको योगदान महत्वपूर्ण रहेको हुन्छ ।

महिला, बालबालिका, किशोरकिशोरी र जेष्ठ नागरिकको हक अधिकार संरक्षण गर्दै उनीहरूलाई सक्षम र योग्य नागरिक बन्ने वातावरण निर्माण गर्ने तथा समाजमा सम्मानपूर्वक बाच्न पाउने कुराको सुनिश्चित गर्न समेत जरुरी देखिन्छ ।

देशको आर्थिक सम्बृद्धिका लागि श्रम र श्रमिकको सम्मान गर्ने वातावरण सिर्जना गर्दै श्रमिकका हक हित र अधिकारको संरक्षण गनुपर्ने देखिन्छ ।

सरसफाइ सेवा आधारभूत मानव अधिकारको रूपमा स्थापित छ । खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र मुलुकलाई खुला दिसापिसाबमुक्त क्षेत्रको घोषणा गरी वातावरणीय सरसफाइमा विशेष जोड दिनुपर्ने हुन्छ । भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाइ सेवाबाट नागरिकको स्वास्थ्य तथा जीवनशैलीमा सुधार हुन सक्छ ।

## २.दीर्घकालिन सोच

स्वस्थ, सक्षम, प्रतिस्पर्धि र उद्यमशिल नागरिक तयार गरी हरेक नागरिकलाई गुणस्तरीय जीवन यापन गर्न सक्षम बनाउने र सबै प्रकारका विभेदको अन्त्य गर्दै सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने ।

## ३.उद्देश्य

क. संविधान प्रदत्त शिक्षा, स्वास्थ्य लगागतका सबै मौलिक अधिकार नागरिकले उपभोग गर्न पाउने व्यवस्थाको सुनिश्चित गर्नु ।

ख. शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तरमा सुधार गर्दै सबैमा समान रुपमा सहज पहुँचको स्थापना गर्नु ।

ग. युवाको दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक–सामाजिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु ।

घ. खेलकुदको माध्यमबमट स्वस्थ तथा अनुशासित नागरिक र समाजको सृजना गर्नु साथै राष्ट्रको प्रतिष्ठा वृद्धि गर्नु ।

ङ. लैङ्गिक समता ,समावेशिकरण ,समन्यायका माध्यमवाट समानतामुलक प्रदेश निर्माण गर्नु ।लक्षित वर्ग ( महिला,बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक) को क्षमता अभिबृद्धि र जिवनस्तर सुधार गर्नु । संरक्षणात्मक सेवा र सशक्तिकरण, मूल प्रवाहीकरण तथा विशेष संरक्षणका कार्यक्रमहरु सचालन गर्ने ।

च. विभिन्न सम्प्रदाय, भाषा, भाषी तथा संस्कृतिको उचित संरक्षण तथा सम्वर्द्धन गर्दै सबै समुदायबीच एकता कायम गरी राष्ट्रिय विकासको अभियानमा एकजुट बनाउनु ।

छ. देशको आर्थिक सम्बृद्धिका लागि श्रम र श्रमिकको सम्मान गर्ने वातावरण सिर्जना गर्दै श्रमिकका हक हित र अधिकारको संरक्षण गर्नु ।

ज. सरसफाइ सेवालाई आधारभूत मानव अधिकारको रूपमा स्थापित गर्नु ।

**४.रणनीतिहरुः**

- आधारभूत शिक्षालाई अनिवार्य र निशुल्क, माध्यमिक शिक्षालाई क्रमश निशुल्क तथा जीवनपर्यन्त शिक्षा पद्धतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।
- रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार गर्ने ।
- सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।
- आर्थिक रूपले विपन्न, लोपोन्मुख र सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने ।
- उच्च शिक्षालाई पहुँचयोग्य, प्रतिस्पर्धी र अनुसन्धानमूलक बनाउने ।
- मौलिक हकको रुपमा रहेको गुणस्तरीय स्वास्थ्य सेवा सबै नागरिकहरूको सहज पहुँचमा पुग्ने गरी प्रभावकारी रुपमा उपलव्ध गराउने ।
- स्वास्थ्य संरक्षण तथा प्रवर्द्धनका लागि वातावरण प्रदूषणको प्रभावकारी नियन्त्रण गर्दै स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिक अधिकारलाई सुनिश्चित गर्ने ।
- गुणस्तरीय एवं स्वास्थ्य प्रवर्द्धक खाद्य पदार्थको प्रवर्द्धन तथा प्रयोग मार्फत कुपोषणलाई न्यूनीकरण गर्ने ।
- पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यससम्बन्धी सेवाको पहुँच आम नागरिकसम्म पु-याउने ।
- नसर्ने रोग व्यवस्थापनका लागि जनताको जीवनशैली व्यवस्थापन (योगाभ्यास, आहारविहार तथा दिनचर्या) मा विशेष जोड दिने ।
- औषधिमा आत्मनिर्भर हुन प्रदेश स्तरमा आयुर्वेदिक र एलोपेथिक औषधि उत्पादन सुरु गर्ने ।
- स्वास्थ्यसंग सम्बन्धित बहुपक्षीय सरोकारवाला निकायहरूको सहकार्यलाई थप सुदृढ गर्दै राज्यको प्रत्येक नीतिमा स्वास्थ्यलाई मूलप्रवाहीकरण गर्ने ।
- गुणस्तरीय स्वास्थ्य सेवाका लागि प्रदेश स्तरमा दक्ष जनशक्तिको योजना, उत्पादन, प्राप्ति, विकास तथा उपयोग गर्ने ।
- आयुर्वेदिक, होमियोपेथिक, युनानी, आम्ची, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य सेवाको प्रर्वृद्धन तथा विकास गर्ने ।
- प्रादेशिक स्तरमा स्वास्थ्य अनुसन्धानको गुणस्तरमा जोड दिई अनुसन्धानबाट प्राप्त प्रमाणमूलक अभ्यासलाई नीति निर्माण तथा योजना तर्जुमामा उपयोग गर्ने ।
- गुणस्तरीय औषधी तथा स्वास्थ्य सामग्रीको आन्तरिक उत्पादनलाई जोड दिने ।
- स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने ।

- प्रदेशमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास तथा प्रचलित अन्य
- पूरक चिकित्सा प्रणालीहरूको संरक्षण एवम् व्यवस्थित विकास गर्ने ।
- प्रादेशिक स्तरमा खेलकुद पुर्वाधारको विकास गरी खेलकुदको व्यावसायिक विकास गर्ने ।
- युवाहरुको उर्जाशिल समय र क्षमतालाई राष्ट्रको हितमा उपयोग गर्दै प्राविधिक शिक्षाको अवसरलाई व्यापक बनाई विभिन्न क्षेत्रहरुमा रोजगारका अवसरहरु सृजना गरी श्रमिकहरुको हकहितको संरक्षण गर्दै युवा उत्प्रेरित वातावरणको सृजना गरी युवाहरुको विदेश पलायनमा कमी ल्याउने ।
- प्रदेश क्षेत्र भित्रका ऐतिहासिक, धार्मिक सास्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण, सम्वर्द्धन अध्ययन र अनुसन्धानका माध्यमबाट यस प्रदेशको पहिचान, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा कायम गर्ने ।
- प्रादेशिक भाषिक अवस्थाको अध्ययन संगै विभिन्न जातजातीसंग सम्बन्धित भाषा, कला, सस्कृतिको जगेर्ना गर्दै संरक्षण सम्बद्र्धन र विकास गर्ने ।
- लक्षित वर्ग ( महिला,बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक) को क्षमता अभिबृद्धि र जिवनस्तर सुधार गर्नु । संरक्षणात्मक सेवा र सशक्तिकरण, मूल प्रवाहीकरण तथा विशेष संरक्षणका कार्यक्रमहरु सचालन गर्ने ।
- सबै जनसङ्ख्यालाई आधारभूत स्तरको सरसफाइ तथा शौचालयको सुविधा पु¥याउने ।

**५.कार्यक्षेत्र :**

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले यस मनत्रालयको कार्यक्षेत्र देहाय अनुसार उल्लेख गरेको छ ।

१. प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।

२. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन ।

३. प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।

४. प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्वन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्य पुस्तक तथा पाठ्य सामाग्री निर्माण, उत्पादन र वितरण ।

५. प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन ।

६. प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन ।

७. माध्यमिक तहको परीक्षा व्यवस्थापन ।

८. प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन ।

९. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन ।

१०. प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन ।

११. स्वास्थ्य सेवा सम्वन्धी प्रदेश स्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन ।

१२. स्वास्थ्य सेवा सम्वन्धी प्रदेश स्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन

१३. प्रदेश स्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन ।

१४. राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्वन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन।

१५. राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन ।

१६. खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन ।

१७. राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन ।

१८. प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन ।

१९. औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्युनीकरण ।

२०. खोप र परिवार नियोजन ।

२१. संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन ।

२२. प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह ।

२३. प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन ।

२४. सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन ।

२५. स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन

२६. सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम ।

२७. राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन ।

२८. स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन ।

२९. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन ।

३०. प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन

३१. खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।

३२. सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडीएका वर्गको पहुँच सुनिश्चितता ।

३३. जनसंख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय ।

३४. महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन रनियमन ।

३५. लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनस्थापन ।

३६. महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान ।

३७. लैंगिक उत्तरदायी वजेट र लैङ्गिक परिक्षण ।

३८. बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनातर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध रसेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना ।

३९. प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन ।

४०. समाजकल्याण र संघसस्था सम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन ।

४१. युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन

४२. खेलकूदसम्वन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन ।

४३. खेलकूदप्रशासन र संघसंस्थाको समन्वय र नियमन ।

४४. राष्ट्रिय प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता ।

४५. लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन ।

४६. सामाजिकसुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य ।

४७. प्रदेशभित्ररोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथाकार्यान्वियन र स्थानीय सरकारसंग समन्वय,

४८. विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी ।

४९. भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन ।

५०. ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन ।

५१. प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन ।

५२. प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिनस्मारक, संग्रहालय, सास्कृतिक धरोहर सम्वन्धी नीति, कानुन, मापदण्ड तथा योजनातर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण ।

५३. धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन ।

५४. धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन ।

५५. रोजगारप्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन ।

५६. श्रमिकएवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन ।

५७. श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना ।

५८. औद्योगिकविवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण ।

५९. कार्यस्थलसुरक्षा, कारखाना निरीक्षण तथा नियमन ।


**६.कानुनी व्यवस्थाहरु :**

- नेपालको संविधान २०७२,
- प्रदेश सरकार (कार्य विभाजन) नियमावली २०७४,
- नेपाल सरकारले तयार पारेका ऐन, नियम, निर्देशिका तथा कार्यबिधिहरु,
- प्रदेश सरकारले तयार पारेका ऐन, नियम, निर्देशिका तथा कार्यबिधिहरु ।

यस मन्त्रालयसँग अन्तरगत पर्ने विषयगत क्षेत्रहरु सम्बन्धी आवश्यक कानुनहरु निर्माणको क्रममा रहेका छन् ।

**७.संगठन संरचना :**

नेपाल सरकार (मन्त्रीपरिषद) बाट मिति २०७५।०२।०६ मा स्वीकृत यस सामाजिक विकास मन्त्रालयको संगठन संरचना तपसिल अनुसार रहेको छ ।




**८. आर्थिक बर्ष २७४।०७५ मा सम्पादन भएका मुख्य मुख्य कार्यहरु**

क. मन्त्रालयलाई उपलब्ध गराइएको बसपार्क स्थित भवनमा संरचनात्मक सुधार गरी कार्यालय स्थापना तथा संचालन गरियो ।

ख. मन्त्रालयलाई प्राप्त अस्थायी संगठन संरचना बमोजिमका महाशाखा तथा शाखाहरुको कार्यविभाजन गरी सम्बन्धित शाखा तथा महाशाखाहरुबाट आ–आफ्नो कार्यविवरण अनुसारको कार्यसम्पादन शुरु गरियो ।

ग. मन्त्रालयले समेट्ने कार्यक्षेत्र बमोजिमको विषयगत क्षेत्रहरुको वर्तमान अवस्था झल्कने गरी श्वेत पत्र (status paper) तयार गरियो ।

घ. आर्थिक वर्ष २०७४/७५ को नीति कार्यक्रम तथा बजेट तयार गरियो ।

ङ. मन्त्रालय तथा यस अन्तरगतका निकायहरुलाई आवश्यक पर्ने संगठन संरचना तथा जनशक्ति विवरण सहितको दरबन्दी तेरिज तयार गरियो ।

च. आर्थिक वर्ष २०७४/७५ को नीति कार्यक्रम तथा अनुमानित बजेट तयार गरियो ।

छ. आर्थिक वर्ष २०७४/७५ को स्वीकृत कार्यक्रमको लागि कार्यविधि तथा कार्ययोजना तयार गरी कार्यान्वयन शुरु गरियो ।

ज. प्रदेश अन्तर्गत रहेका विषयगत कार्यालयहरु तथा अन्य सरोकारवाला निकायहरुसंग भेटघाट, अन्तक्रिया तथा विवरण संकलन गर्ने कार्य गरियो ।

झ. २०७४ सालको माध्यामिक शिक्षा परीक्षा (SEE) को अनुगमन गरियो ।

ञ. नेपाल सरकार स्वास्थ्य मन्त्रालय र सामाजिक विकास मन्त्रालयको समन्वय तथा संयुक्त आयोजनामा म स्वस्थ मेरो देश स्वस्थ – मेरो वर्ष २०७५ अभियानको माननीय मुख्यमन्त्रीबाट शुभारम्भ गरियो ।

ट. नेपाल सरकार स्वास्थ्य मन्त्रालय र सामाजिक विकास मन्त्रालयको समन्वय तथा संयुक्त आयोजनामा स्थानीय तहमा स्वास्थ्य सम्बन्धी अभिमुखीकरण बारे प्रशिक्षक प्रशिक्षण तथा पैरवी कार्यक्रम सम्पन्न गरियो ।

ठ. केन्द्रीय बालकल्याण समितिको समन्वय तथा यस मन्त्रालयको आयोजनामा सरोकारवाला निकायहरु बीच बालअधिकार सम्बन्धी अन्तक्रिया कार्यक्रम सम्पन्न गरियो ।

ड. सहयोगी संस्था FairMed संगको समन्वयमा कपिलवस्तु जिल्लामा बाणगंगा नगरपालिका, विजयनगर गाउँपालिका तथा शिवराज नगरपालिकामा निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुलाई स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरियो ।

ढ. मन्त्रालयसंग सम्बन्धित कानुनहरुको प्रारम्भिक मस्यौदा तयार गर्ने कार्य प्रारम्भ गरियो ।

ण. मन्त्रालयको कार्य क्षेत्र तथा कर्मचारी विवरण लगायतका जानकारी समेटिएको ब्रोसियर तयारी तथा प्रकाशन र वितरण गरियो ।

ट. रुपन्देहीको मर्चवारी गाँउपालिका वडा नं. २ अमुवा स्थित रायपुर प्रा.स्वा.के.को प्राङणमा ११ औं गणतन्त्र दिवशको उपलक्ष्यमा बृहत स्वास्थ्य शिविर संचालन गरि २०११ जना सेवाग्राहीलाई सेवा प्रदान गरियो ।

ठ. मन्त्रालयको वेबसाइट निर्माण कार्य शुरु गरियो ।

**९.आ.ब. २०७४।०७५ को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरुको २०७५ जेष्ठ १५ गते सम्मको प्रगति विवरण**

| **ब.ब.का बुँदा नं.** | **लिएको नीति तथा कार्यक्रम** | **२०७५ जेष्ठ १५ गते सम्मको प्रगति** |
|---|---|---|
| २९ | समाजका विद्यमान अन्धविश्वास, बोक्सी प्रथा, छुवाछुत, महिला हिंसा लगागतका विकृति अन्त्य गर्न जागरण | कार्यक्रमका संचालनका लागि कार्यविधि निर्माण लगायतका कामहरु शुरु गरिएको |
| ३८ | रोल्पा जिल्लाको थवाङमा जनयुद्ध स्मारक तथा संग्रालय, गुल्मी हरेवामा जीवराज आश्रित संग्रालय र दाङको धर्नामा नेत्रलाल स्मृति पार्क निर्माण तयारी | |
| ४० | महामारीमा औषधिका लागि रकम व्यवस्था | |
| ४१ | थरु समुदायमा देखा पर्ने सिकल सेल एनेमिया रोकथामका लागि परिक्षण तथा जनचेतना कार्यक्रम | |
| ४२ | प्रदेश स्तरको अस्पताल निर्माण तथा औषधि उत्पादन सम्भाव्यता अध्ययन | |
| ४३ | पूर्ण साक्षर बनाउन बाँकी २ जिल्लामा साक्षरता अभियान | |
| ४४ | प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षालय र प्राविधिक विश्वविद्यालयको सम्भाव्यता अध्ययन | |
| ५० | शैक्षिक तथा बहुउद्धेश्यीय पार्कको लागि सम्भायता अध्ययन, SEE परिक्षामा राम्रो नतिजा ल्याउने विद्यालयलाई प्रोत्साहन | |

**१०. आ.ब. २०७४।०७५ मा विनियोजित बजेट तथा २०७५ जेष्ठ १५ गते सम्मको वित्तिय प्रगति**

**चालु खर्च** **रु. हजारमा**

| **ब.उ.शि.नं.** | **मन्त्रालय । निकाय** | **खुद बजेट** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|---|
| ७०५३७३११३ | सामाजिक विकास मन्त्रालय | ६८८३७ | २७२१.१८ | ३.९५ |

**पुजिगत खर्च** **रु. हजारमा**

| **ब.उ.शि.नं.** | **मन्त्रालय । निकाय** | **खुद बजेट** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|---|
| ७०५३७३११४ | सामाजिक विकास मन्त्रालय | १२७५० | २९९०.५४ | २३.४५ |

# मुख्य न्यायाधिवक्ताको कार्यालय

**१ पृष्ठभूमि** -

लोकतान्त्रिक शासन प्रणालीको दिगो आधार न्यायको सुनिश्चितता हो।न्याय व्यवस्थाको प्रभावकारी सन्चालन गर्न महत्वपूर्ण निकायको रुपमा मुख्य न्यायाधिवक्तालाई संविधान र कानुनले जिम्मेवारी दिएको छ। संविधानले परिकल्पना गरेको निष्पक्ष र स्वच्छ न्याय तथा कानुनी राज्यको अवधारणालाई व्यवहारमा उतार्न बिभिन्न संवैधानिक अंग तथा निकायहरुको स्थापना गरिए वमोजिम वर्तमान संविधानको भाग १२ को धारा १६० मा मुख्य न्यायाधिवक्ता सम्वन्धी व्यवस्था गरिएको छ । संविधानले मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने र संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु संवैधानिक जिम्मेवारी तोकेको छ।

मुख्य न्यायाधिवक्तालाई मुख्य न्यायाधिवक्ताको काम कर्तब्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी प्रस्तावित ऐनमा प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस पैरवी गर्ने गराउने, प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्ने गराउने, प्रदेशको मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने, प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने जस्ता मुख्य कार्यहरु समेतका जिम्मेवारी प्रभावकारी रुपमा संपन्न गरी ब्यवसायिक ,प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रुपमा स्थापना गर्नुपर्ने अवस्था छ।

**२. परिदृश्यः-** ब्यवसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रुपमा स्थापित भई कानुनको शासन प्रवर्द्धन गर्नु मुख्य न्यायाधिवक्ताको कार्यालयको परिदृश्य हुनेछ।

**३. परिलक्ष्यः-** प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकारको तर्फबाट प्रभावकारी बहस पैरवी ,सुदृढ प्रतिरक्षा एवं कानुनी राय प्रदान गर्ने संस्थाको रुपमा विकास गर्नु यस कार्यालयको परिलक्ष्य हुनेछ।

## ४. कार्यक्षेत्र

वर्तमान संविधान र कानुनले प्रदान गरेको कार्यदिश र भुमिकाहरुलाई प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने सन्दर्भमा निम्न पक्ष रहेका छन।

- प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकारको रुपमा रहि संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानुनी राय सल्लाह प्रदान गर्ने, प्रदेश सरकारको हक, हित वा सरोकार रहेको बिषयमा प्रदेश सरकारको तर्फबाट प्रभावकारी बहस पैरवी र प्रतिरक्षा गर्ने गराउने,
- प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेशको मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने,
- प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,
- प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तर कायम गर्न त्यस्ता कार्यालयबीच आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने,
- प्रदेश सरकारको मातहतमा रहेका हिरासत तथा थुनुवा कक्षमा रहेका कैदिबन्दिहरु उपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा अनुगमन गर्ने ,
- आगामि भाद्र १ गतेदेखि लागु हुन गईरहेको फौजदारी र देवानी संहिता तथा कार्यविधि संहिता समेतको सम्वन्धमा जनस्तरमा सचेतना कार्यक्रम संचालन गर्ने,
- मुख्य न्यायाधिवक्ताको कार्यालयमा प्रयाप्त संख्यामा कर्मचारीहरु सहित कार्यालयको व्यवस्थापन गर्ने।

## ५. कानुनी व्यवस्था

वर्तमान संविधानको भाग १२ को धारा १६० मा मुख्य न्यायाधिवक्ता सम्वन्धी व्यवस्था गरिएको छ। मुख्य न्यायाधिवक्ताको काम,कर्तब्य र अधिकार तथा सेवाको शर्त सहितको कानुन प्रदेश सरकारबाट निकट भविष्यमै बन्ने क्रममा रहेको छ।

## ६. सांगठनिक ढाँचा

विद्यमान अवस्थामा प्रदेश स्तरीय मन्त्रिपरिषद र मन्त्रालयमा रहने कर्मचारीको स्तर समेतलाई मध्येनजर गर्दा मुख्य न्यायाधिवक्ताको कार्यालयमा मुख्य न्यायाधिवक्ताको लागि तोकिएको सुबिधा रहने, सो अन्तर्गत हलुका सवारी चालक-१,निवासमा काम गर्ने कम्तिमा श्रेणी बिहिन प्रथम स्तरको कार्यालय सहयोगी-१ रहने छन।

उप-सचिव (रा.प.द्वितीय श्रेणी) को नेतृत्वमा शाखा अधिकृत र अन्य कर्मचारीहरू रहने गरी संगठनात्मक संरचना रहने छ । कार्यालयबाट सम्पादन हुने कार्यहरूलाई कार्य प्रकृति अनुसार विभाजन गरी आवश्यक शाखाहरूको गठन र ती शाखाहरूमा रहने कर्मचारीहरूको व्यवस्था गरिने छ । संगठनात्मक संरचनामा प्रतिरक्षा शाखा, प्रशासन शाखा, लेखा शाखा, कानूनी राय शाखा, र पुस्तकालय शाखा रहने गरी शाखाहरूको गठन रहने छ । मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि हाल निम्न दरबन्दी रहेको छ ।

## ७ दरवन्दी तेरिज

| क्र. स. | पद | श्रेणी | सेवा | समुह/उप समुह | पदपूर्तिको अवस्था | | दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पूर्ति | रिक्त | | |
| १ | मुख्य न्यायाधिवक्ता | विशिष्ट | | | १ | | १ | |
| २ | उपसचिव | रा.प. द्धितिय | न्याय | सरकारी वकील | १ | - | १ | |
| ३ | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | सरकारी वकील | १ | ३ | ४ | **१ मु.न्याको अन्य सुविधा** |
| ४ | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सा. प्र. | १ | १ | २ | |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | | १ | १ | |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | - | - | १ | १ | |
| ७ | हलुका सवारी चालक | श्रेणी विहिन | इन्जिनियरङ | मे./ज.मे. | १ | १ | २ | **१ मु.न्याको सुविधा** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सा. प्र. | १ | २ | ३ | **१ कास मु.न्या.को सुविधा** |
| जम्मा | | | | | ६ | ९ | १५ | |

**८ आ.व.२०७४/७५मा सम्पादन भएका मुख्य कार्यहरुः**

- मिति२०७४ /१२/७ मा प्रथम पटक सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय मुख्यमन्त्रीज्यू तथा मुख्य न्यायाधिवक्तालाई भेटघाट तथा निर्देशन दिईएको । मिति २०७५/२/११मा मुख्य न्यायाधिवक्ताबाट महान्यायाधिवक्ता समक्ष मुख्य न्यायाधिवक्ताको काम कारवाही एवं सम्वन्ध र समन्वयको सवालमा सुझाव दिइएको।
- प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकारको रुपमा रहि संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई कानुनी राय सल्लाह प्रदान गरिएको,
- प्रदेश सरकारको हक, हित वा सरोकार रहेको बिषयमा प्रदेश सरकारको तर्फबाट प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तर कायम गर्न त्यस्ता कार्यालयबीच आवश्यक समन्वय गरिएको।
- कानूनी मस्यौदामा स्तर कायम गर्न त्यस्ता कार्यालयबीच आवश्यक कानुनी राय सल्लाह दिइएको एवं समन्वय गरिएको।
- मुख्य न्यायाधिवक्ताको वर्तमान संविधान र कानुनले प्रदान गरेका कार्यदिश र भुमिकाहरुलाई प्रभावकारी रुपमा कार्य सम्पादन गर्ने सन्दर्भमा कार्यालयको तर्फबाट मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार सहितको नमुना कानुन प्रदेश सरकार समक्ष पेशगरिएको  एवं कार्यालयका लागि आवश्यक कर्मचारी दरबन्दी एवं बजेट व्यवस्थापनका लागि पहल गरिएको।

**९ आ.व.२०७४\७५को वित्तीय प्रगतिः-**

मिति २०७५/२/१५ सम्म यस कार्यालयको तर्फबाट कुनै बित्तीय कारोबार संचालन भए नगरेको उक्त अविधमा कार्यालयको आवश्यक प्रबन्ध मुख्य मन्त्रीको  कार्यालयबाट भएको।

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश नम्बर ५, बुटबल, रुपन्देही नेपाल

फोन नं. : ०७१-५५०००३, ५५००६३

इमेल : info@moeap.p5.gov.np/moeap5.temp@gmail.com

वेभसाईट : www.moeap.p5.gov.np